# 'स्वास्नीमान्छे' उपन्यासको पात्र-विधान

त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको
दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

शोध-पत्र


शोधार्थी

चन्द्र प्रसाद थपलिया

रत्न राज्यलक्ष्मी क्याम्पस

नेपाली विभाग, प्रदर्शनीमार्ग, काठमाडौं ।


२०७०

# 'स्वास्नीमान्छे' उपन्यासको पात्र-विधानको अध्ययन

त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस मानविकी तथा सामाजिक शास्त्र
संकाय अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षको
दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोध-पत्र**


<u>शोधार्थी</u>

चन्द्र प्रसाद थपलिया

भर्ना समूह : १४३/२०६४/६५

क्रमाङ्क :

परीक्षा त्रि.वि.वि.द.नं. :

रत्न राज्यलक्ष्मी क्याम्पस

नेपाली विभाग

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षका छात्र चन्द्रप्रसाद थपलियाले दसौं पत्रको प्रयोजनका निमित्त हृदयचन्द्र सिंह प्रधानको **“स्वास्नीमान्छे** उपन्यासको पात्र विधान” शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यबाट म अती सन्तुष्ट छु र यसको मूल्याङ्कनको लागि नेपाली विभाग, स्नातकोत्तर कार्यक्रम समक्ष सिफारिस गर्दछु ।

मिति २०७० असोज २८

**उप-प्रा. शंकर सुब्बा**

शोध निर्देशक

रत्नराज्य लक्ष्मी क्याम्पस

नेपाली विभाग, काठमाडौं

# त्रिभुवन विश्वविद्यालय

## रत्न राज्यलक्ष्मी क्याम्पस

मिति :- २०७०/०५/२८

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभागका छात्र **चन्द्रप्रसाद थपलिया**ले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौंपत्रको प्रयोजनका लागि तयार पार्नु भएको हृदयचन्द्र सिंह प्रधानको "स्वास्नीमान्छे" उपन्यासको पात्र विधान" शीर्षकको शोधपत्र सोही प्रायोजनका लागि स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति　　　　　　　　हस्ताक्षर

१. भगवानचन्द्र उपाध्याय

(विभागीय प्रमुख)　　　　　　　　..........................

२. उपप्रा. शंकर सुब्बा

(शोध निर्देशक)　　　　　　　　............................

३. डा. गोपीन्द्र पौडेल

(बाह्य परीक्षक)　　　　　　　　.......................

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नाकोत्तर तहको दसौं पत्रको प्रयोजनको लागि आदरणिय गुरु उपप्रा. शंकर सुब्बाको पत्यक्ष निर्देशनमा तयार पारेको हुँ । आफ्नो कार्यव्यवस्थाको बीचमा पनि शोधपत्र तयारीका समयमा कार्यव्यवस्ततालाई थाती राखी स्नेहपूर्वक सल्लाह र सुझावका साथ सही मागनिर्देशन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध शीर्षकमा शोधकार्य गर्न अवसर जुटाउने रत्न राज्यलक्ष्मी क्याम्पस तथा नेपाली विभागीय प्रमुख आदरणीय गुरु भगवानचन्द्र उपाध्याय ज्यू प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै शोध कार्यको आरम्भमा यसै क्याम्पसका नेपाली विभागका विभागीय प्रमुखका रुपमा रहनु भएका आदरणीय गुरु. डा. रामप्रसाद ज्ञवाली ज्यूप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो अध्ययनको यस अवसरमा आर्थिक र व्यवहारिक समस्या सँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याउन सफल हुनु भएका पिता रामकृष्ण थपलिया र माता कालिका थपलियाप्रति ऋणी छु । त्यसैगरी प्रस्तुत शोधपत्र तयार गर्न सामग्री सङ्कलनका क्रममा महत्वपूर्ण सहयोग गर्नु हुने साथी कमला उप्रेतीलाई विशेष धन्यवाद व्यक्त गर्दछु । यस शोधपत्रको पाण्डु लिपिलाई यथासम्भव शुद्धताका साथ टङ्कन गरी प्राविधिक सहयोग गर्ने भाई उत्सव थपलियालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, काठमान्डौं समक्ष पेश गर्दछु ।



चन्द्र प्रसाद थपलिया
रत्न राज्यलक्ष्मी क्याम्पस
नेपाली विभाग, काठमाडौं
त्रि.वि. दर्ता नं.:- ४५३६५-९३

परीक्षा क्रमाङ्क :-१४३/२०४६/६५

# विषयसूची


| | | पेज नं. |
|---|---|---|
| | **पहिलो परिच्छेद :** | |
| | **शोध परिचय** | १ |
| १.१ | शोध-पत्रको शीर्षक | १ |
| १.२ | शोध-पत्रको प्रयोजन | १ |
| १.३ | शोध परिचय | १ |
| १.४ | समस्या कथन | १ |
| १.५ | शोध-पत्रको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २–५ |
| १.७ | शोधकार्यको औचित्य | ५ |
| १.८ | शोधको सीमा | ५ |
| १.९ | शोध विधि | ६ |
| १.१० | शोध-पत्रको सम्भावित रूपरेखा | ६ |
| | **दोस्रो परिच्छेद** | |
| | **हृदयचन्द्र सिंह प्रधानको रचनाधर्मिता** | ७ |
| २.१ | हृदयचन्द्र सिंह प्रधानको जीवनी | ७ |
| २.१.१ | जन्म र बाल्यकाल | ७ |
| २.१.२ | शिक्षा | ८ |
| २.१.३ | परिवारिक जीवन | ९ |
| २.१.४ | जागिरे जीवन र आर्थिक अवस्था | ९ |
| २.१.५ | भ्रमण तथा सम्मान पुरस्कार | १० |

| | | |
|---|---|---|
| २.१.६ | मृत्यु | १० |
| २.२ | हृदयचन्द्र सिंहको व्यक्तित्व | ११ |
| २.२.१ | सामाजिक व्यक्तित्व | ११ |
| २.२.२ | राजनैतिक व्यक्तित्व | ११ |
| २.२.३ | प्रगतिशील लेखक व्यक्तित्व | १२ |
| २.२.४ | सम्पादक व्यक्तित्व | १२ |
| २.२.५ | व्याकरणकार व्यक्तित्व | १३ |
| २.२.६ | साहित्यकार व्यक्तित्व | १३-१६ |
| २.२.७ | निष्कर्ष | १७ |
| | **तेश्रो परिच्छेद** | |
| | **पात्र विधानको सैद्धान्तिक स्वरूप** | १८ |
| ३.१ | पृष्ठभूमि | १८ |
| ३.२ | पात्र/चरित्र शब्दको व्युत्पत्ति र अर्थ | १९ |
| ३.३ | परिभाषा | २० |
| ३.४ | उपन्यासमा पात्रको स्थान र महत्व | २२ |
| ३.५ | उपन्यासमा पात्र विधानको विधि | २३ |
| ३.५.१ | समाख्यानात्मक वा प्रत्यक्ष विधि | २४ |
| ३.५.२ | परोक्ष वा नाटकीय विधि | २४ |
| ३.६ | उपन्यासमा पात्र चयनको औचित्य | २४ |
| ३.७ | उपन्यासमा पात्रको चरित्र चित्रण | २५ |
| ३.८ | उपन्यासमा पात्र वर्गीकरणको आधार | २६ |
| ३.८.१ | लिङ्गका आधारमा | २७ |

३.८.२ कार्यका आधारमा २८

३.८.३ प्रवृत्तिको आधारमा २८

३.८.४ स्वभावको आधारमा २९

३.८.५ जीवनचेतनाका आधारमा २९

३.८.६ आसन्नताको आधारमा २९

३.८.७ आवद्धताको आधारमा २९

३.८.८ निष्कर्ष ३०

**चौथो परिच्छेद**

**'स्वास्नीमान्छे' उपन्यासको पात्र विधानको अध्ययन** ३१

४.१ स्वास्नीमान्छे उपन्यासमा रहेका पात्रहरूको विश्लेषण ३१

४.२ मोती माया ३१

४.३ प्रमोद ३२

४.४ विनोद ३४

४.५ मोहनबहादुर ३५

४.६ हीरा ज्यान ३५

४.७ मैयाँ नानी ३६

४.८ अञ्जना कुमारी ३७

४.९ सुरप्रसाद ३८

४.१० मिश्री ३८

४.११ वासन्ती ३९

४.१२ चम्पा ३९

४.१३ लीला देवी ४०

४.१४ नानी प्राण ४०

४.१५ दाल चीनी ४०

४.१६ जुई नानी ४१

४.१७ चुली ४१

४.१८ मोहनबहादुरका विवाहित बहिनीहरू ४१

४.१९ बुढी काकी ४१

४.२० मैयाँ नानीकी छोरी ४१

४.२१ दुहुनी पट्ठी ४२

४.२२ बाइजीहरू ४२

४.२३ अन्य पात्र ४२

४.२४ निष्कर्ष ४२

**पाचौं परिच्छेद :**

**'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको निरूपण**

५.१ 'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको निरूपण ४३

५.२ निष्कर्ष ४८

६ **छैठौं परिच्छेद : उपसंहार** ४४

**सन्दर्भग्रन्थ सूची**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अ. प्र. | : | अप्रकाशित |
| वि.स. | : | विक्रम सम्वत |
| ई.सं. | : | ईस्वी सम्वत |
| डा. | : | डाक्टर |
| त्रि. वि. | : | त्रिभुवन विश्वविद्यालय |
| क्षे.स. | : | चौथो संस्करण |
| चौ. सं. | : | तेस्रो संस्करण |
| ने.रा.प्र.प्र. | : | नेपाली राजकीय पज्ञा प्रतिष्ठान |

# परिच्छेद एक

# शोध परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोध-पत्रको शीर्षक **'स्वास्नीमान्छे उपन्यासको पात्र विधानको अध्ययन'** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोध-पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर दोस्रो वर्ष नेपाली विषयको दशौं पत्रको प्रयोजनको निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ शोध परिचय

हृदयचन्द्र सिंह प्रधान (वि.सं. १९७२-२०१६) ले नेपाली साहित्यका निबन्ध, कथा, समालोचना, कविता, व्याकरण र उपन्यास जस्ता विविध विधामा कलम चलाएका छन् र उनको योगदान उपन्यास विधामा पनि महत्वपूर्ण देखिन्छ । उनका **'स्वास्नीमान्छे'** (२०११) र 'एक चिहान' (२०१७) उपन्यासले परम्परामा आलोचनात्मक यथार्थवादी धाराको नयाँ धार खडा गर्न सफल भएको छ भने उनको **'स्वास्नीमान्छे'** उपन्यास नारीवादी धाराको प्रवर्तन गर्ने प्रथम उपन्यास बनेको छ । यस परिप्रेक्ष्यमा उनको आधुनिक नेपाली उपन्यासमा आलोचनात्मक यथार्थवादी र नारीवादी अन्य उपन्यासकारहरूको तुलनामा अग्रगतिमा देखा परेको देखिन्छ । यस उपन्यासका प्रस्तुत पात्रहरूलाई लिङ्ग, कार्यभूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आवद्धता र आसन्नता आदिका आधारमा विश्लेषण गर्नु नै यस शोधकार्यको विषयक्षेत्र रहेको छ ।

## १.४ समस्या कथन

नेपाली उपन्यास विधामा कलम चलाएर नेपाली आख्यान साहित्यको विकासमा उल्लेख्य योगदान पुऱ्याउने आधुनिक नेपाली उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नीमान्छे' उपन्यासका पात्र के कस्ता छन् भनेर खोजी गर्नु अर्थात् पात्र विधानको

सैद्धान्तिक मान्यता अनुरुप उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको **'स्वास्नीमान्छे'** को अध्ययन कालसम्म पनि नभएकोले निम्नलिखित समस्यामा केन्द्रित भई यो शोध-पत्र तयार पारिएको छ ।

क) उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको रचना धर्मिता कस्तो रहेको छ ?

ख) पात्र विधानको सैद्धान्तिक स्वरूप के-कस्तो छ ?

ग) पात्र विधानका आधारमो **'स्वास्नीमान्छे'** उपन्यासमा कति प्रकारका पात्रको चयन गरिएको छ ?

घ) पात्र विधानका आधारमा **'स्वास्नीमान्छे'** उपन्यासका पात्रहरू कति प्रभावकारी छन् ?

## १.५ शोध-पत्रको उद्देश्य

प्रस्तुत शोध-पत्रको उद्देश्य निम्नलिखित रहेको छ ।

क) हृदयचन्द्र सिंह प्रधानको रचना धर्मिताको निरूपण गर्नु,

ख) पात्र विधानको सैद्धान्तिक स्वरूपबारे प्रष्ट पार्नु,

ग) पात्र विधानका आधारमा **'स्वास्नीमान्छे'** उपन्यासका पात्रहरूको बारेमा विश्लेषण गर्नु,

घ) पात्र विधानका आधारमा **'स्वास्नीमान्छे'** उपन्यासका पात्रहरूका निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली उपन्यासको विकासक्रममा मौलिक, सामाजिक, प्रगति र नारीवादी चिन्तन बोकेर आएको **'स्वास्नीमान्छे'** उपन्यास नेपाली साहित्य जगतमा एउटा छुट्टै प्रकारको विशेषता बोकेको उपन्यास हो । यस उपन्यासको सम्बन्धमा विभिन्न समालोचक तथा विभिन्न साहित्यकारहरूले विभिन्न पुस्तक तथा पत्रिकाहरूमा टिप्पणी तथा चर्चा परिचर्चा गरेका छन्, जसलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

***रत्नध्वज जोशी*** ले आधुनिक 'नेपाली साहित्यको झलक' (२०२१,चौं.सं.२०५०) मा उपन्यासका लेखकको सुधारवादी दृष्टि रहेको कुरा व्यक्त गर्दै प्रायः प्रत्येक क्रियाकलापको कैफियत लेखकले दिदै जानु र बेश्यालयको त्यो रूप खडा गर्नु तर्क सङ्गत रहेको छ तर त्यसबाट उपन्यासमा सरसताको सञ्चार हुन नसकेको कुरा गरेका छन् ।

***यज्ञराज सत्याल*** ले **नेपाली साहित्यको संक्षिप्त विवेचना** (२०२३) मा हृदयचन्द्र सिंह प्रधानलाई सामाजिक उपन्यासकार भन्दै **'स्वास्नीमान्छे'** नामक उपन्यासमा नारीको चरित्रको सही विश्लेषण गरेको छ । उपन्यासकारले यथार्थवादलाई दृष्टिमा राखी नारीको उद्धारको सन्देश दिएका छन् भनेर उल्लेख गरेका छन् ।

*डा. वासुदेव त्रिपाठी* ले **विचरण** (२०१८) मा साहित्यकार हृदयचन्द्र सिंह प्रधानका बारेमा टिप्पणी गर्दै **'स्वास्नीमान्छे'** उपन्यासलाई वैचारिकताको दृष्टिका निम्ति कोरिएको स्थूल समाज रेखाङ्कन मात्रै हो भनी उल्लेख गरेका छन् ।

*तारानाथ शर्मा* ले **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९,दो.सं.२०४०) मा वातावरणमा लेखिएको उपन्यासको रूपमा प्रस्तुत गर्दै यसले सामाजिक अन्धविश्वास, कुरीति र अन्यायका विरूद्धमा आवाज उठाएको कुरा व्यक्त गरेका छन् ।

***बंशी श्रेष्ठ*** ले **स्वास्नीमान्छे : केही टिप्पणी** विदेह (२०३०) मा **'स्वास्नीमान्छे'** उपन्यासले रण्डी किन र कसरी बन्नुपर्छ, त्यसका कारणहरू राम्ररी देखाएको कुरा उल्लेख गरेका छन् ।

***इन्द्रबहादुर राई*** ले **नेपाली उपन्यासका आधारहरू** (२०३१, दो.सं.२०५०) मा 'स्वास्नीमान्छे' उपन्यासमा उपन्यासकारले समाजको एउटा आग्नेय पक्ष समाजको नारी सम्बन्धी धारणामा तीव्र परिवर्तन डाम्नु भएको छ भन्ने कुरा प्रस्तुत गर्नु भएको छ ।

***दयाराम श्रेष्ठ र मोहनराज शर्मा*** ले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४, चौ.सं.२०४९)मा 'स्वास्नीमान्छे' उपन्यासलाई सामाजिक यथार्थलाई वस्तुपरक रूपमा प्रस्तुत गर्ने रूचि देखाएको उल्लेख गरेका छन् ।

***रामबाबु घिमिरे*** ले **हृदयचन्द्र सिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**( २०३६) मा शोध-पत्र प्रस्तुत गर्दै सामाजिक प्रगति र सुधारवादी दृष्टिकोणको परिधिभित्र 'स्वास्नीमान्छे' उपन्यासमा उपन्यासकार केन्द्रित रहेको उल्लेख गरेका छन् ।

***बासुदेव आचार्य*** ले **उपन्यासकार हृदयचन्द्र सिंह प्रधान** (२०३६) मा शोध-पत्र प्रस्तुत गर्दै 'स्वास्नीमान्छे' उपन्यासमा उपन्यासकारले समाजको सूक्ष्म र गहिरो अध्ययन गरी चित्रण गरेका छन् भनी उल्लेख गरेका छन् ।

***कृष्णचन्द्र सिंह प्रधान*** ले **नेपाली उपन्यास र उपन्यासकार** (२०३७,चौ.सं.२०६१) मा चर्चा गर्दै 'स्वास्नीमान्छे' उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यासको रूपमा प्रस्तुत गरी भावुकतापूर्ण आदर्शद्वारा प्रेरित उपन्यास भनी टिप्पणी गरेका छन् ।

***राजेन्द्र सुवेदी*** ले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) मा सम्पन्न र विपन्न वर्गका बीचमा रहेका असमानता, राजनीतिक स्वाङ र समाजसेवाका बीचमा रचिएका नाटकका बीचमा रहेको असमानता जस्ता विकृतिको आडमा फैलिएका सामाजिक रोगलाई विषयवस्तु बनाएर सफल र सशक्त पहिलो उपन्यासका रूपमा उल्लेख गरेका छन् ।

***कृष्णहरि बराल र नेत्र एटम*** ले **उपन्यासको विश्लेषण** (२०५५) मा 'स्वास्नीमान्छे' उपन्यासलाई नारी र पुरूष बीच लैंगिक विभेदलाई हटाएर नारी उत्थान गर्ने तथा पुरूषको एकाधिकारलाई भत्काउने लक्ष्य राखिएको प्रथम नेपाली नारीवादी उपन्यास हो भनेर उल्लेख गरेका छन् ।

***नेपाली साहित्यकोष*** **(सम्पा : २०५५)** मा 'स्वास्नीमान्छे' उपन्यासलाई व्यक्ति केन्द्रित भएर अभिशप्त जीवन जीउन बाध्य पारिएका नारीहरूको बिवशता र व्यथाको चित्कारको रूपमा उभिएको उल्लेख गरिएको छ ।

***मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेल*** ले **नेपाली गद्य र भाषा साहित्य** (२०५५) मा 'स्वास्नीमान्छे' उपन्यासले प्रगतिवादी धाराको प्रवर्तन गरेको र मार्क्सेली भौतिकवादलाई आधार बनाई शोषणका बिरूद्ध संघर्ष गर्नु र निम्न वर्गको उत्थानको चाहना राख्नु यसको विशेषता रहेको बताएका छन् ।

***कृष्णहरि बराल र नेत्र एटम*** ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) मा आधुनिक नेपाली उपन्यासको वर्गीकरण गर्ने क्रममा 'स्वास्नीमान्छे' उपन्यासलाई आलोचनात्मक यथार्थवादी धारा र नारीवादी धाराको आरम्भ गर्ने प्रथम उपन्यासकारका रूपमा राख्दै यो उपन्यासले नारीवादी सोचाईको निकै राम्रो उदाहरण प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

***कमला उप्रेती*** ले **<u>शोध-पत्र</u>** प्रस्तुत गर्दै पुरूष प्रधान सामन्ती समाजद्वारा दबाएका आवाज र बेश्या बन्न बाध्य बनाइएका नारीहरूलाई मुक्त गरी महिला अधिकार प्रदान गर्नु र एउटा छुट्टै सुधारिएको र प्रगतिशील समाजको स्थापना गर्नु 'स्वास्नीमान्छे' उपन्यासको मूल सारवस्तु रहेको उल्लेख गरेकी छिन् ।

उपर्युक्त पूर्वकार्यको विवरणहरूद्वारा हेर्दा 'स्वास्नीमान्छे' उपन्यासको सम्बन्धमा प्रशस्तै चर्चा परिचर्चा भएका छन्, यी धेरैजसो चर्चा परिचर्चा उपन्यासको इतिहास, विकासक्रम, कृतिपरक अध्ययन आदि केलाउने सन्दर्भमा आएका छन् । यी मध्ये इन्द्रबहादुर राई, राजेन्द्र सुवेदी, कृष्णचन्द्रसिंह प्रधान, कृष्णहरि बराल र नेत्र एटम द्वयका विश्लेषण महत्वपूर्ण छन् । इन्द्रबहादुर राई र राजेन्द्र सुवेदीले 'स्वास्नीमान्छे' उपन्यासको टिप्पणी एकापक्षमा गरिएको छ भने कमला उप्रेतीले पनि 'स्वास्नीमान्छे' उपन्यासको कृतिपरक अध्ययन मात्र भएको हुँदा हालसम्म हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नीमान्छे' उपन्यासको पात्र विधानको सिद्धान्तको आधारमा विश्लेषण कार्य भएको देखिदैन । प्रस्तुत शोध-पत्रमा 'स्वास्नीमान्छे' उपन्यासको पात्र विधानको सिद्धान्तको आधारमा पात्रहरूको बिश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

सामाजिक यथार्थको धरातलमा सिर्जित यो उपन्यास नारीवादी चिन्तनको प्रवृत्ति लिएर आधुनिक नेपाली उपन्यासको क्षेत्रमा देखा परेको प्रमुख उपन्यास हो । यसका बारेमा विभिन्न समालोचक तथा विद्वानहरूले विविध रूपमा समालोचनात्मक टिप्पणी गरेता पनि हृदयचन्द्रसिह प्रधानको 'स्वास्नीमान्छे' उपन्यासको पात्र विधानको अध्ययन भएको छैन । त्यसैले यस उपन्यासमा भएका पात्रहरूको चरित्र चित्रण हुन अति आवश्यक देखिन्छ । यो अध्ययनले उनको उपन्यास अध्ययन गर्न चाहने जोसुकैलाई यस शोध-पत्रले थप जानकारी र सहयोग पुऱ्याउने महत्व र औचित्य रहेको छ ।

## १.८ शोधको सीमा

यस शोध-पत्रको सीमा हृदयचन्द्र सिंह प्रधानको रचना धर्मिता र 'स्वास्नीमान्छे' उपन्यासको पात्र विधानको अध्ययनका आधारमा आधारित भएर गरिएको छ । त्यस

अन्तर्गत लिङ्ग, कार्यभूमिका, स्वभाव, प्रवृत्ति, जीवनचेतना, आवद्धता र आसन्नता आदिका आधारमा मात्र केन्द्रित रहेर अध्ययन गर्नु नै शोध-पत्रको सीमा रहेको छ ।

## १.९ शोध विधि

प्रस्तुत शोध-पत्र तयारीका लागि आवश्यक पर्ने सामग्री संकलन पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । यस क्रममा पात्र विधान सम्बन्धी पुस्तक, पत्रपत्रिका आदिको अध्ययन गरिएको छ । विभिन्न विद्वान, प्राध्यापक तथा विभिन्न व्यक्ति आदि सँग गरिएको छलफललाई पनि सामग्री संकलनको मुख्य विधिका रूपमा प्रयोग गरिएको छ ।

## १.१० शोध-पत्रको सम्भावित रूपरेखा

प्रस्तुत शोध-पत्रलाई सजिलो र प्रभावकारी बनाउनका लागि ६ परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदलाई आवश्यकता अनुसार दशमलव प्रणालीमा शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

प्रस्तुत शोध-पत्रको ढाँचालाई निम्नलिखित परिच्छेदमा मूल शीर्षक र आवश्यकता अनुसार उपशीर्षकहरूमा विभाजन गरिएको छ :

क) पहिलो परिच्छेद : **शोध परिचय**

**ख**) दोस्रो परिच्छेद : **हृदयचन्द्र सिंह प्रधानको रचना धर्मिता**

**ग**) तेस्रो परिच्छेद : **पात्र विधानको सैद्धान्तिक स्वरूप**

**घ**) चौथो परिच्छेद : **'स्वास्नीमान्छे' उपन्यासमा रहेका पात्रहरूको विश्लेषण**

**ङ**) पाँचौं परिच्छेद : **'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको निरूपण**

**च**) छैठौं परिच्छेद : **उपसंहार**

शोध-पत्रको अन्त्यमा प्रस्तुत शोध-पत्र तयार गर्दा प्रयोग गरिएका पुस्तक एवम् पत्रिकाहरू छुट्टाछुट्टै सन्दर्भ सूची प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# हृदयचन्द्र सिंह प्रधानको रचना धर्मिता

## २.१ हृदयचन्द्र सिंह प्रधानको जीवनी

उपन्यासकार हृदयचन्द्रसिंह प्रधान नेपाली उपन्यास परम्परामा आधुनिककाल अन्तर्गतको तेस्रोचरण आलोचनात्मक यथार्थवाद मार्फत देखापरेका व्यक्ति हुन् । समाजका कुरीतिप्रति विद्रोह गर्दै प्रगतिवाद तर्फ लाग्न उनका उपन्यासले सन्देश दिएका छन् । यस्ता उपन्यासकारको जीवनी यस प्रकार रहेको छ ।

### २.१.१ जन्म र बाल्यकाल

नेपाली साहित्यमा प्रगतिवादी उपन्यासकारका रूपमा चर्चित बन्न सफल भएका हृदयचन्द्र सिंह प्रधानको जन्म वि.सं. १९७२ माघ १९ गते काठमाडौंको ढोकाटोल स्थित मध्यमवर्गीय परिवारमा भएको थियो (मोहनराज शर्मा र खगेन्द्र लुईटेल,२०५७ : २७२) । उनका पिताका नाम सूर्यप्रसाद प्रधान र माताको नाम सूर्यमाया प्रधान हो । हृदयचन्द्र सिंह प्रधानको खास नाम चन्द्रप्रसाद प्रधान हो (कृष्णहरि बराल र नेत्र एटमद्वय, २०५५ : ८२) । राणाकालको मध्यतिर जन्मेका हृदयचन्द्र सिंह प्रधानका बाबु सूर्य प्रसाद प्रधान जागिरे भएकाले हृदयचन्द्र सिंह प्रधानले बाल्यकालमा अभाव र गरिबीको सामना गर्नु परेन । उनी जन्मेको दुई वर्ष पछि नै उनका भाई ललितचन्द्र सिंह प्रधान जन्मेकाले हृदयचन्द्र सिंह प्रधानलाई पालनपोषणका लागि उनको मामाघर नरदेवीमा लगिएको थियो । उनको मावली आर्थिक दृष्टिमा सम्पन्न भएका र उनका मामाका छोरा पनि नभएकोले मामाघरमा हजुरबुबा र हजुरआमाबाट नातिको रूपमा हृदयचन्द्र सिंह प्रधानले प्रशस्त माया ममता पाएका थिए (एक सज्जन, २०१८ : ४४) । यसरी प्रधानले प्रशस्त रूपमा माया ममता पाएता पनि प्रधानलाई पाँच वर्षदेखि नै दमको रोगले आक्रमण गरेको देखिन्छ । जुन रोग पछि गएर उनको जीवनको अन्त्यको कारण बन्न पुगेको थियो । सानैदेखि रोगी तर छुल्याहा स्वभावको प्रधानको ११ वर्षसम्मको वाल्यकाल मामाघरमा ज्यादै पुलपुलाहटका साथ बित्यो । प्रधानको मनपर्ने खेलहरूमा तास, गुच्चा, पाङ्ग्रा गुडाउने प्रमुख थिए । यसरी मामाघरमा उनको वाल्यकाल सुखसँग बितेको पाईन्छ । हृदयचन्द्र सिंह प्रधानका पिता जागिरको

सिलसिलामा वि.सं. १९८४ सालमा जनरल तेज समशेरको विर्ता रहेको बीरगञ्जबाट तीन कोस पश्चिम रानीगञ्ज भन्ने स्थानमा गएका थिए । त्यसबेला हृदयचन्द्र सिंह प्रधान आफ्ना आमाबाबुका साथमा रानीगञ्ज गए । त्यस समयमा उनको उमेर १२ वर्षको थियो (रामबाबु घिमिरे, २०३६ : १) ।

## २.१.२ शिक्षा

हृदयचन्द्र सिंह प्रधानको शिक्षाको कुनै खास व्यवस्था उनका संरक्षकहरूबाट भएको पाईदैन तापनि मामाघरमा बस्दा नै उनले साँवा अक्षर चिनिसकेका थिए । १२ वर्षको उमेरमा आफ्ना आमाबुबासँग रानीगञ्ज गएका हृदयचन्द्र सिंह प्रधानको अध्ययनका लागि अरू दुई कुनै पनि व्यवस्था नभएपछि त्यो समय पनि खेलेरै बिताए । रानीगञ्जमा गएको दुई वर्षपछि उनले वीरगञ्जदेखि १ कोसपूर्व सुनौली भन्ने ठाउँमा आफ्ना मामा बाजेकहाँ अध्ययनको लागि पठाइयो । उनले त्यहाँ बसेर हिसाब सम्बन्धी ज्ञान आर्जन गरे, (एक सज्जन, २०१७-२०१८ : ४४) ।

समयको अन्तरालमा उनका बुबा वीरगञ्जबाट उत्तरतर्फ श्रीपुर गए र हृदयचन्द्र पनि बाबुसँगै श्रीपुर गए । श्रीपुरमा हृदयचन्द्रले शिक्षाको लागि केही अनुकुल वातावरण पाए । त्यस अवस्थामा उनी १७ वर्षका भइसकेका थिए । श्रीपुरमा पुगेपछि उनलाई पढ्नुपर्छ भन्ने भावना उत्पन्न हुन थाल्यो । त्यसपछि उनी खुब मेहनतका साथ पढ्न लेख्न थाले । ३ महिनाकै अध्ययनमा उनले अंग्रेजी भाषाको ‘फ्रस्टबुक’ को अध्ययन पूरा गरी एक वर्षभित्र पाँच कक्षासम्मको अंग्रेजी शिक्षाको ल्यागत हाँसिल गरे, (बराल, ईश्वर, २०५५ : ३११) । प्रधानको अध्ययन तीव्र रूपमा अगाडि बढिरहेको समयमा काठमाडौंको घरमा देवालीको पालो परेकोले घर फर्कनु पर्दा अध्ययनमा गतिरोध आयो । हृदयचन्द्र सिंह प्रधानले काठमाडौं फर्केको केहि महिनामै मास्टर जगतलालसँग कक्षा पाँचका पुस्तकहरू पढ्न थाले । उनीसँग करिब ४ महिना पढिसकेपछि पाँच कक्षाका पुस्तकको पढाइ पनि पुरा गरे । औपचारिक शिक्षा प्राप्त गर्ने क्रममा हृदयचन्द्र सिंह प्रधानले नेपाली श्रेस्ता परीक्षामा सामेल भए तर प्रथम पटकमा लेखा, हिसाब र श्रेस्ता विषयमा उत्तीर्ण भए पनि आठौं पत्रमा भने अनुतीर्ण भएपछि मेहनतका साथ अध्ययन गरी उनले सो विषयमा सफलता प्राप्त गरी छोडे । यहि नेपाली श्रेस्ता परीक्षाको प्रमाण-पत्र नै उनको औपचारिक शिक्षाको प्रथम र अन्तिम प्रमाण-पत्र भएको पाईन्छ तर राजेन्द्र सुवेदीले हृदयचन्द्र सिंह प्रधानको शिक्षाको सम्बन्धमा चर्चा

गर्दा उनले प्रवेशिका तहसम्मको शिक्षा प्राप्त गरेको कुरा उल्लेख गरेका छन् । हृदयचन्द्र सिंह प्रधानको घरायसी अवस्था कमजोर र दमरोगबाट पीडित बन्दै जाँदा उनका बाबुले कहिले रानीगञ्ज र कहिले श्रीपुर जस्तो ठाउँमा घुम्नुपऱ्यो । त्यसले गर्दा उनको अनिश्चित बसाइका कारण उनको औपचारिक शिक्षाको लागि आवश्यक वातावरण र परिवारिक सुबिधा पात्र नभएको देखिन्छ । समयको प्रवाहसँगै युवा अवस्थातर्फ प्रवेश गरेपछि प्रेम सम्बन्धी गीत भएका पुस्तक, पत्रिकाहरू खोजी खोजी पढ्न थालेको जानकारी पाईन्छ ।

यसरी सानै उमेरदेखिको अत्यन्त जिज्ञासु र पढन्ते बानीले उनको अध्ययनको गतिलाई अगाडि बढाएको पाइन्छ । उनको जीवनमा औपचारिक शिक्षाको भन्दा स्वाध्ययनको नै बिशेष महत्व रहेको पाइन्छ । हृदयचन्द्र सिंह प्रधानको साहित्यकार व्यक्तित्वको निर्माणमा पनि मूल रूपमा स्वाध्ययनकै प्रमुख भूमिका रहेको छ किनभने साहित्यका विभिन्न विधामा कलम चलाउन प्रेरणा दिँदै सफल पनि बनाएको छ ।

## २.१.३ परिवारिक जीवन

मध्यमवर्गीय परिवारमा जन्मिएका हृदयचन्द्र सिंह प्रधानको परिवारिक आर्थिक अवस्था सम्पन्न नै भएको पाइन्छ । प्रधानको हजुरबुबा खरिदार पदमा जागिरे भएको कारणले वाल्यकालमा आर्थिक समस्याको सामना गर्नु परेन । उनको ८ वर्षको उमेरमा ब्रतबन्ध भएको देखिन्छ भने वि.सं. १९९४ सालमा २२ वर्षको उमेरमा रूक्मिणा देवीसँग विवाह भएको पाइन्छ, (उप्रेती, २०६३ : ११) । उनका ४ छोरी र १ छोरा थिए । हृदयचन्द्र सिंह प्रधानको आमाको वि.सं. २००२ साल र बाबुको वि.सं. २०१० सालमा मृत्यु भएको देखिन्छ ।

## २.१.४ जागिरे जीवन र आर्थिक अवस्था

हृदयचन्द्र सिंह प्रधानले आफ्नो परिवार चलाउनको लागि अन्य आयस्रोतको अभावमा वि.सं. १९९५ सालदेखि निम्न तलव भएको नौसिन्दा पदमा जागिरे जीवन प्रारम्भ गरे,(उप्रेती, २०६३ : ११) । श्री ३ को फर्मायसी अड्डामा वि.सं. १९९५ सालमा नौसिन्दा पदमा नियुक्ति पाएका हृदयचन्द्र सिंह प्रधान पदोन्नति हुँदै क्रमशः बहिदार राइटर हुँदै वि.सं. १९९६ सालमा मुखिया बनेर उनी कलकत्ता बाइङ एजेन्सीमा गई दुई वर्षसम्म काम गरी पुनः काठमाडौं फर्के । हृदयचन्द्र सिंह प्रधानले वि.सं. २००४ साल असोज ४ गतेदेखि

नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारको रूपमा सरूवा भए, त्यसपछि जीवनको लामो समयसम्म त्यहि रहेर जागिरेको रूपमा बित्यो । वाल्यकालदेखि नै दमको रोगी हृदयचन्द्र सिंह प्रधान वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा जेल परे पछि झण्डै २ महिना भन्दा बढी जेल जीवन बिताउँदा उनलाई क्षयरोगले आक्रमण गऱ्यो । त्यसपछि उनको स्वास्थ्यको अवस्था दिनप्रतिदिन बिग्रदै गयो । वि.सं. २०१३ सालदेखि उनलाई नेपाली भाषा प्रकाशिनी समितिले घरैमा बसी लेख्ने सुबिधा दिएको थियो तर हाजिरी नभएकाले तलव खुवाउन नमिल्ने भनी तलव रोक्का भयो र उनी ठूलो आर्थिक संकटमा परे । झण्डै ३ वर्षपछि मात्र उनको रोकिएको तलव एकमुष्ठ प्राप्त भयो तर सो तलवको केहि भाग सापटीको रूपमा कुनै नेताले लिएको र पछिसम्म नतिरेको कुरा हृदयचन्द्र सिंह प्रधानले टिप्पणी गरेको पाइन्छ, (प्रधान, २०२८ : २४) ।

हृदयचन्द्र सिंह प्रधानले वि.सं. २०११ सालदेखि काठमाडौं नगरपालिकाको मुखपत्रिकाको रूपमा प्रकाशित हुने ‘जनचेतना’ सम्पादन गरेवापत मासिक रू १२५।- र नेपाली भाषा प्रकाशिनी समितिबाट पारिश्रमिक वापत रू २००।- प्राप्त गर्थे । यहि नै उनको प्रमुख आयस्रोत भएको देखिन्छ । जागिर खाने क्रममा प्रधानले दरवार हाइस्कुल श्रेस्ता पाठशालामा शिक्षक भएर पनि काम गरेको पाइन्छ । यसरी उनले धेरै क्षेत्रमा कार्य गरी धेरै अनुभव प्राप्त गरेका देखिन्छन्, जसले उनको व्यक्तित्व निर्माणमा सहयोग पुगेको देखिन्छ, ( उप्रेती, २०६३ : १२) ।

## २.१.५ भ्रमण तथा सम्मान र पुरस्कार

हृदयचन्द्र सिंह प्रधानले नेपालका धेरैजसो जिल्ला लगायत आफ्नो रोगको उपचारको क्रममा दुई पटक भारत भ्रमण गएका थिए । उनले वि.सं. २००४ सालमा भएको प्रतियोगितात्मक साहित्य सम्मेलनमा ‘जुँगा’ निबन्धमा प्रथम पुरस्कार प्राप्त गरेका थिए ।

## २.१.६ मृत्यु

साहित्यकार हृदयचन्द्र सिंह प्रधान बाल्यकालदेखि नै दमको पीडित थिए । वि.सं. २००७ सालमा प्रजातान्त्रिक आन्दोलनमा सहभागी जनाएको आरोपमा २ महिनाभन्दा बढी जेल जीवन भोग्दा उनलाई क्षयरोगले समायो । उनको प्रारम्भिक उपचार काठमाडौंको टोखा स्थानिटोरियममा भयो तर रोग निको हुन सकेन । त्यसपछि उनलाई भारतको मद्रास

स्थानिटोरियामा लगियो । त्यहाँ १० महिनाको उपचार पश्चात् ७ वटा करङ काटेर उनको क्षयरोग निको भएर काठमाडौं फर्के । केहि समयपछि रोगले फेरी आक्रमण गरेको हुँदा तात्कालिन भारतका राजदूत भगवान सहायले प्रधानलाई पुनः उपचारका लागि भोपाल पठाए । भोपाल स्टोनिटोरियामा उपचार गराएर घर फर्केपछि आर्थिक अभावका कारणले डाक्टरको सल्लाह अनुसारको औषधी, खुराक र आराम नपाउँदा भोपालबाट फर्केको ९ महिनापछि ४४ वर्षको उमेरमा वि.सं. २०१६ साल माघ १० गते उनले संसारबाट बिदा लिए (एक सज्जन, २०१८ : ४५) ।

## २.२ हृदयचन्द्र सिंह प्रधानको व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधान वहुआयमिक प्रतिभाका धनि व्यक्ति हुन् । उनले आफ्नो प्रतिभालाई विभिन्न क्षेत्रमा प्रयोग गरेका छन् । जसलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :-

### २.२.१ सामाजिक व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधान समाजसेवी व्यक्ति थिए । उनी समाज उत्थानका लागि विभिन्न सामाजिक कार्यहरू गर्न रूचि राख्दथे । उनी समाजमा विद्यमान अन्धविश्वास, कुरीति र कुसंस्कारका विरोधी देखिन्छन् । यस्ता अन्धविश्वास र परम्परालाई समाजबाट निर्मूल पार्नुपर्छ भन्ने उद्देश्यले शिक्षा मार्फत जनचेतना जगाउनु पर्दछ भनेर वि.सं. १९९७ सालमा केहि साथीहरूसँग मिलेर काठमाडौंको क्षेत्रपाटीमा एउटा प्राथमिक विद्यालयको स्थापना गरेका थिए । त्यस समयमा विद्यालयको स्थापना गर्नु निकै साहशिक कार्य थियो, (शर्मा, मोहनराज र लुईटेल, खगेन्द्र,२०५७ : २७४) ।

### २.२.२ राजनीतिक व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधानका लेखरचनाबाट नै पनि उनी एक राजनैतिक व्यक्तित्व पनि हुन् भन्ने कुरा ज्ञात हुन्छ । वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको भन्ने आरोपमा राणा सरकारले उनलाई ४४ दिनसम्म नजरबन्द र ३१ दिन नख्खु जेलको यातना दिइएको पनि पाइन्छ । राणाशासनको अन्त्यपछि उनी जेलबाट छुटेका हुन् । उनले क्रान्तिका सम्बन्धमा नेता गणेशमान सिंह श्रेष्ठसँग दौडधुप गर्न आफ्नो स्वास्थ्यको कारणले नसके पनि जनक्रान्तिका लागि जेलनेलको त कुरा परि आउँदा आफ्नो ज्यानै अर्पण गर्न

समेत तयार रहेको कुरा आफ्ना निबन्धहरूमा उल्लेख गरेको पाइन्छ । २००७ सालपछिको नेपालमा आएको प्रजातान्त्रिक खुल्ला राजनैतिक परिवेशमा भने प्रधानको कुनै राजनीतिक दलमा रहेर सक्रिय सहभागिता जनाएको पाइदैन । तत्कालीन समयमा उनी एकातिर जागिर थिए भने अर्कातिर दिनदिनै उनको स्वास्थ्य अवस्था कमजोर हुँदै गएको थियो । साथै उनलाई त्यस समयमा आर्थिक विपन्नताले पनि किचेको थियो । ता पनि उनको आस्था बामपन्थी विचारधारासँग जोडिएको स्पष्ट संकेत पाइन्छ (प्रधान, २०२४ : ११८) ।

## २.२.३ प्रगतिशील लेखक व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधान प्रगतिशील विचारधाराका लेखक हुन् । भन्ने कुराको प्रमाण उनका कृतिहरूबाट स्पष्ट हुन्छ । हृदयचन्द्र सिंह प्रधान कस्ता व्यक्ति हुन् भन्ने सम्बन्धमा विभिन्न लेखक र समालोचकले विभिन्न दृष्टिकोणबाट टिप्पणी गरेको पाइन्छ । खेम कोइरालाले प्रधानलाई मार्क्सवादी विचारबाट प्रभावित साहित्यकारका रूपमा हेर्दै नेपाली साहित्यका प्रगतिशील कवि, विद्रोही विचारक तथा स्वस्थ चिन्तक भनेर टिप्पणी गरेका छन् । त्यसरी नै शक्ति लम्सालले मार्क्सवादी विचारधाराबाट प्रभावित भए पनि मार्क्सवादी गहिराइमा पुग्न नसकेका साहित्यकार भन्दै उनलाई जनताको पक्षमा आवाज उठाउने जनपक्षीय साहित्यकार भनी टिप्पणी गरेका छन् । उनका साहित्यिक रचनाहरूमा समाजमा व्याप्त रहेको अन्धविश्वास, कुरीति, वर्गियताको चित्रण, राजनैतिक, सामाजिक, आर्थिक, लैङ्गिक, धार्मिक र साँस्कृतिक जस्ता क्षेत्रमा भएको शोषणको चित्रण गर्दै यसको विरोध गर्नुको साथै समतामुलक समाजको निर्माण गर्नुपर्ने कुरामा आवाज उठाएको प्रशस्त भेटिन्छन् । त्यसैले उनलाई प्रगतिशील विचारक र मार्क्सवादबाट प्रभावित व्यक्तिका रूपमा स्वीकार गरेको पाइन्छ (उप्रेती, २०६३ : १६) ।

## २.२.४ सम्पादक व्यक्तित्व

तत्कालीन राणाशासनकालमा पत्रपत्रिकाको सम्पादन र प्रकाशन कार्य गर्न कठिन थियो । समाज परिवर्तनको लागि जनचेतना जगाउन पत्रपत्रिकाले महत्वपूर्ण भूमिका निभाउँछ भन्ने उद्देश्यले साहित्यकार हृदयचन्द्र सिंह प्रधानले वि.सं. २००२ सालमा नेपाली साहित्य परिषद्को स्थापना हुँदा उनी सञ्चालक तथा संस्थापक मध्येका एक सदस्यका रूपमा रहेर काम गरेका थिए । त्यसैगरी वि.सं. २००४ सालम उनले 'साहित्य स्रोत' मासिक गद्य प्रधान साहित्यिक पत्रिकाको सम्पादन गरे भने वि.सं. २००७ सालको

जनक्रान्तिपछि 'जागरण' साहित्यिक पत्रिकाको सम्पादन गरे (श्रेष्ठ, २०२८ : ५१) । त्यसपछि वि.सं. २०११ सालमा काठमाडौं नगरपालिकाको मुखपत्रको रूपमा प्रकाशित हुने 'जनचेतना' पाक्षिक पत्रिकाको सम्पादन गरे । प्रधानले नेपाली भाषा वाहेक नेपाल भाषाको पत्रिका 'नेपाल' द्वैमासिकको पनि सम्पादन गरे, जुन पत्रिका सम्पादन गर्दा नेवार भाषाका महाकवि चित्तधर हृदयसँग मिलेर गरेका थिए । यसरी प्रधानले नेपाली र नेपाल भाषामा विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेर भाषा र साहित्यको विकासको लागि महत्वपूर्ण योगदान दिएको पाइन्छ (उप्रेती, २०६३ : १६) ।

## २.२.५ व्याकरणकार व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधानले भाषा र साहित्यको विकासका लागि व्याकरणकारका रूपमा पनि भूमिका निभाएका छन् । उनले व्याकरणको गहिरो अध्ययन गरेको पाइन्छ । त्यहि अध्ययनले नै उनलाई व्याकरणकार बनायो । 'चिह्नपरिचय' नाम कृतिउनले वि.सं. २००० सालमा प्रकाशित गरेका थिए । उनको दोश्रो व्याकरणात्मक कृति वि.सं. २००४ सालमा प्रकाशित 'शब्दशुद्धि विज्ञान' हो भने उनले नेवारी भाषामा पनि 'शब्द शुद्धिया ताचा' वि.सं. २००४ सालमा प्रकाशित भएको पाइन्छ (प्रधान, २०२४ : ८८) ।

## २.२.६ साहित्यकार व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधानले आफ्ना निबन्धहरूमा उनी १८ वर्षको भएपछि पुस्तक लेखनप्रति चासो देखाएका कुरा व्यक्त गरेका छन् । आफ्नो 'चन्द्रप्रसाद' नाम धेरै जनासँग मिलेको र त्यो उनलाई मन नपरेकोले आफ्नो नाम परिवर्तन गरेको र शारदा पत्रिकाको प्रकाशनले उनलाई लेखन कार्यप्रति प्रेरणा जागेको कुरा उनले 'कसरी म लेखक हुन आएँ' भन्ने निबन्धमा व्यक्त गरेको पाइन्छ । प्रारम्भमा उनले प्रेमगीत, प्रेम-पत्र पढ्ने गरेको र विस्तारै प्रेमलहरी, इन्द्रजाल, चन्द्रकान्त, भूतनाथ, शुकराज शास्त्रीको 'स्वर्गको दरबार' जस्ता आख्यानात्मक कृति र बालकृष्ण समको 'मुटुको व्यथा' नाटक, लेखनाथको 'ऋतुविचार' जस्ता खण्डकाव्य आदि पुस्तकहरूको अध्ययनबाट साहित्यप्रति लगाव बढेको कुरा उनका निबन्धहरूमा व्यक्त गरेका छन् ।

यसरी संक्षेपमा भन्नुपर्दा प्रधानले साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध, उपन्यास, कथा, समालोचना, नाटक, एकाङ्की तथा व्यङ्ग्य जस्ता विधाहरूमा कलम चलाएको देखिन्छ,(उप्रेती, २०६३ : १७) ।

## क) निबन्धकार व्यक्तित्व

साहित्यकार हृदयचन्द्र सिंह प्रधानले आफ्नो साहित्य यात्राको आरम्भ वि.सं. १९९३ सालमा 'शारदा' पत्रिकामा प्रकाशित 'भातृस्नेह' शीर्षकको निबन्धबाट गरेका हुन् (प्रधान, २०२४ : १२३) । यसै निबन्ध मार्फत उनले आफ्नो नाम परिवर्तन गरी चन्द्रप्रसाद प्रधानबाट हृदयचन्द्र सिंह प्रधान भएर नेपाली साहित्यको फाँटमा देखापरे । साहित्यका अन्य विधाको तुलनामा निबन्ध विधामा ख्याती प्राप्त प्रधान आत्मापरक निबन्धका स्रष्टाका रूपमा चिनिन्छन् । उनका निबन्धहरूमा एकातिर समाजमा व्याप्त रहेका विकृतिहरूप्रति व्यङ्ग्य गरिएका हुन्छन् भने अर्कातिर आफ्ना जीवनमा घटेका यथार्थ घटनाहरूलाई आत्मापरक शैली मार्फत प्रस्तुत गरेका हुन्छन् । उनका निम्नलिखित निबन्ध-सङ्ग्रहरू प्रकाशित छन् :-

**१. भू-स्वर्ग (वि.सं. २००३) ।**

**२. तीस रूपियाँको नोट (वि.सं. २००४) ।**

**३. जुँगा (वि.सं. २००९) ।**

**४. कुरा साँचो हो (वि.सं. २०११) ।**

**५. अफसोस (वि.सं. २०२७) ।**

## ख) समालोचक व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधान वि.सं. २००२ सालबाट 'केही नेपाली नाटक' नामक कृति मार्फत समालोचना फाँटमा देखापरेका व्यक्तिको रूपमा चिन्न सकिन्छ । उनका समालोचनाहरू नाटक र कविताको क्षेत्रमा केन्द्रित भएका देखिन्छन् । मार्क्सवाद प्रगतिवादलाई आदर्शको रूपमा ग्रहण गरेर सामाजिक न्यायको दृष्टिकोणले कृतिको

मूल्यांकन र मूल्यनिर्धारण गर्नु समालोचकीय प्रवृत्ति रहेको छ । उनका प्रकाशित समालोचनात्मक कृतिहरू यसप्रकार छन् :-

**१. केहि नेपाली नाटक (वि.सं. २००२) ।**

**२. साहित्य एक दृष्टिकोण (वि.सं. २००४) ।**

**३. भानुभक्त एक समीक्षा (वि.सं. २०१३) ।**

**४. नेपाली काव्य र उनका प्रतिनिधि कविता (वि.सं. २०२१) ।**

### ग) कथाकार व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधान कथाकारका रूपमा पनि चिनिन्छन् । उनका कथाहरूमा समाजका दु : खी गरिव र निम्न वर्गका मानिसहरूका जीवनभोगाईका कथाव्यथाहरू भेटिन्छन् । वैचारिकतालाई सामाजिक प्रधानता दिएर कथा लेख्ने कथाकार प्रधानका कथाका पात्रहरू आर्थिक समस्याले ग्रस्त देखिन्छन् । साहित्यका अन्य विधाका तुलनामा कथा विधामा कम सफलता पाएका प्रधान वैचारिक दृष्टिकोणले भने सफल छन् । उनका प्रकाशित कथा सङ्ग्रहरू यसप्रकार छन् :-

**१. उनको आँसु (वि.सं. २०१२) ।**

**२. हृदयचन्द्रका केही कथाहरू (वि.सं. २०२५) ।**

### घ) नाटक र एकाङ्कीकार व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधानले वि.सं. २००७ सालपछि मात्र नाटक र एकाङ्की विधामा कलम चलाएको देखिन्छ । उनका नाटक तथा एकाङ्कीमा सामाजिक समस्या नै मुख्य विषयवस्तुका रूपमा आएका छन् । वैचारिक दृष्टिकोणबाट उनका नाटक तथा एकाङ्की सफल छन् । उनका ४ वटा एकाङ्की संग्रहहरू प्रकाशित छन् ।

**१. छेउ लागेर (वि.सं. २००६) ।**

**२. गङ्गालालको चिता (वि.सं. २०११) ।**

**३. कीर्तिपुरको युद्धमा (वि.सं. २०१६) ।**

**४. उनी देवता हुन (वि.सं. २०१५) ।**

## ङ) उपन्यासकार व्यक्तित्व

प्रगतिशील विचारधारालाई आत्मासात गर्दै वि.सं. २०११ मा 'स्वास्नीमान्छे' नामक उपन्यास प्रकाशन गर्दै हृदयचन्द्र सिंह प्रधान उपन्यासकारका रूपमा नेपाली साहित्यको फाँटमा देखा परेका व्यक्ति हुन् । समाजमा नारीहरूमाथि गरिएको विभेद, गरिवी, जातीय भेदभाव, अन्धविश्वास, सामन्ति सोच, धार्मिक तथा सांस्कृतिक पक्षबाट समाजमा देखिएका विकृति तथा विसङ्गतिलाई नै प्रधानले उपन्यासका विषयवस्तुका रूपमा लिएका छन् । उनका उपन्यासको कथावस्तु सामाजिक रहेको पाइन्छ । उनका निम्नलिखित दुई उपन्यासहरू प्रकाशित छन् :-

**१. स्वास्नीमान्छे (वि.सं. २०११) ।**

**२. एकचिहान (वि.सं. २०१७) ।**

## च) कवि व्यक्तित्व

'शारदा' पत्रिका (वि.सं. १९९५) मा 'विनयपुकार' कविता प्रकाशित गरेर कविका रूपमा हृदयचन्द्र सिंह प्रधान देखापरेका हुन् । सुरूमा पद्यमा कविता लेख्ने गरेका र पछि गद्यमा कविताहरू लेख्ने गरेका कुरा उनले आफ्नो निबन्धहरूमा उल्लेख गरेका छन् । उनका कविताहरू सामाजिक विषयवस्तु, मानवतावादी र प्रगतिवादी विचारधाराबाट ओतप्रोत रहेका छन् । उनको कविताको अर्को पक्ष प्रेम र प्रणयको प्रतिपादन पनि हो । प्रधानले कविता क्षेत्रमा खासै प्रगति गर्न नसकेको पाइन्छ । उनमा महाकाव्य लेख्ने तीव्र इच्छा थियो तर शारीरिक अस्वस्थताको कारणले उनको इच्छाले मूर्त रूप लिन सकेन, (प्रधान, २०१७ - २०१८ : ३८) । कवि हृदयचन्द्र सिंह प्रधानको कविताहरूको पुस्तकाकार कृति नभएको तर विभिन्न पत्रिकाहरूमा कविताहरू प्रकाशित छन् ।

## छ) व्यङ्ग्यकार व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हृदयचन्द्र सिंह प्रधान व्यङ्ग्यकार पनि हुन् । वि.सं. २०११ सालमा काठमाडौं नगरपालिकाको मुखपत्र 'जनचेतना'

पत्रिकामा उनका ‘बाउँटेबाजेलाई चिट्ठी’ शीर्षकमा ८ वटा व्यङ्ग्य रचनाहरू पत्रात्मक शैलीमा प्रकाशित छन् । उनको ब्यङ्ग्यको विषय सामाजिक कट्टरता रहेको पाइन्छ ।

### ज) बहुभाषिक व्यक्तित्व

हृदयचन्द्र सिंह प्रधान नेपाली, नेपाल र हिन्दी भाषाका ज्ञाता थिए । उनले नेपाल भाषामा व्याकरण र हिन्दी भाषामा ‘ऐसा मै सोचता हुँ’(वि.सं. २०१७) मा लेखिएको दर्शनशास्त्रबाट यो कुरा प्रष्ट हुन्छ,(उप्रेती, २०६३ :२२) ।

## २.२.७ निष्कर्ष

नेपाली साहित्यमा प्रगतिवादी उपन्यासकारका रूपमा चर्चित बन्न सफल हृदयचन्द्र सिंह प्रधानको जन्म वि.स. १९७२ साल माघ १९ गते काठमाडौंको ढोकाटोल स्थित मध्यमवर्गीय परिवारमा भएको हो । सानै देखि दमको रोगले ग्रस्त पारेको प्रधानको बाल्यकाल सुखमय तरिकाले वितेको थियो भने उनको जीवनमा औपचारिक भन्दा स्वाध्यायनको नै विशेष महत्वको रहेको पाइन्छ । जागिरे जीवनमा उनले नौसिन्दाको पदमा शुरू गरेर ग्रन्थकारसम्म भएको र दरबार हाइस्कूल श्रेस्ता पाठशालामा शिक्षक भएर पनि काम गरेको पाइन्छ । हृदयचन्द्र सिंह प्रधान बहुभाषिक प्रतिभाका चर्तित व्यक्ति हुन् । उनले आफ्नो प्रतिभालाई विभिन्न क्षेत्रमा प्रयोग गरेका छन् । उनलाई समाजसेवी, प्रगतिशील लेखक, सम्पादक, व्याकरणकार, साहित्यकार, निबन्धकार, समालोचक, कथाकार, नाटककार, उपन्यासकार, कवि, व्यङ्ग्कार, आदिका रूपमा चिन्न सकिन्छ । वि.सं. २०१६ साल माघ १० गते उनले यस संसारबाट बिदा लिए ।

# परिच्छेद तीन

# पात्र विधानको सैद्धान्तिक स्वरूप

## ३.१ पृष्ठभूमि

साहित्यका विभिन्न विधाहरू अन्तर्गत आख्यान्त विधाबाट उत्पति भएको 'उपन्यास' संस्कृत शब्दबाट नेपालीमा आएको तत्सम शब्द हो । जसको शाब्दिक अर्थ खोज्न संस्कृततिर र स्वरूप खोज्न पाश्चात्य साहित्य तर्फ जानुपर्ने हुन्छ । उप+नि+अस्+अ बाट उपन्यास शब्दको व्युत्पत्ति भएको हो । जसको अर्थ नजिक राखिएको वस्तु भन्ने हुन्छ तर साहित्यको शास्त्रीय धारणाअनुसार उपन्यासको खास अर्थ 'जीवनसँग सम्बन्धीत विषयवस्तु' भन्ने बुझिन्छ । किनभने उपन्यासमा जीवनको यथार्थतालाई चित्रण गरिएको हुन्छ । उपन्यास नयाँ साहित्यिक र कनिष्ट विधा हो तापनि सर्वोत्कृष्ट विधाको रूपमा चिनिन्छ । नयाँ साहित्यिक विधाको रूपमा देखापरे पनि 'उपन्यास' शब्दको प्रयोग आजभन्दा आजभन्दा २३०० वर्ष अगाडि भरतमुनिको नाट्यशास्त्रमा देखा परेको पाइन्छ भने पाश्चात्य जगतमा पनि 'उपन्यास' को पर्यायको रूपमा रहेको Novel शब्दको प्रयोग धेरै पहिलेदेखि नै भएको पाइन्छ (गौतम,२०६७ : १५३) । उपन्यासको विकास पाश्चात्य साहित्यबाट नै भएको हो । अंग्रेजी भाषामा भनिने ल्यखभ्ा शब्द इटालेली भाषाको Novella बाट बनेको हो । यसको अर्थ नौलो वा अलिकति नयाँ वस्तु भन्ने हुन्छ । अङ्ग्रेजी साहित्यमा आनन्द प्रदान गर्न लेखिएका कल्पना प्रधान छोटा गद्य रचनालाई मात्र नभई केहि लामा यथार्थमा आधारित र विस्तृत आयाम भएका कृतिलाई Novel भनिएको पाइन्छ । Novel लेखिनुपूर्व अङ्ग्रेजी साहित्यमा काल्पनिक घटना भएका Novella लेखिएका थिए । यस्ता घटना (Friction) लाई आख्यानात्मक रूप दिने इटालेली कथाकार जियोवानी बोकासियोका डेकामेराका कथाहरू हुन् । डेकाभेराका यिनै कथाहरूलाई इटालेली भाषामा नोवेल भनिन्छ । यसबाट अङ्ग्रेजी नाम नोबेलको उत्पत्ति भयो । ड्यानियल डिफो ले १७१९ ई.सं. मा 'रविन्सन क्रसो' लेखेपछि अंग्रेजी साहित्यमा उपन्यास लेखन आरम्भ भएको मानिन्छ । अहिले हामी जसलाई उपन्यास भनेर बुझ्छौं, त्यो पाश्चात्य साहित्यको देन हो, (बराल र एटम,२०५८) ।

उपन्यास रचनाका विभिन्न संरचक घटनाहरूमध्ये पात्र पनि सर्वाधिक महत्वपूर्ण घटक हो । कथावस्तुलाई गति दिन, विषयवस्तुको विस्तार गर्न, सम्प्रेषणीय वस्तुलाई सम्प्रेष्य बनाउन कथानकभित्र पात्रको आवश्यकता पर्दछ । आख्यानको तत्वगत सङ्गठन पक्रियामा पात्रलाई अपरिहार्य तत्वका रूपमा लिइन्छ । प्राचीन तथा मध्यकालीन आख्यान परम्परामा पर-लौकिक एवम् अलौकिक पात्र र मानवेत्तर पात्रको प्रयोग भए पनि आधुनिक उपन्यासमा यहि जगतका मानव प्रतिनिधि पात्रको प्रयोग गरेको पाइन्छ तर मानवेत्तर प्राणी वा वस्तुलाई पूर्णतः निषेध गर्न सकिन्न । उपन्यासभित्रको सम्पूर्ण तत्वसँग पात्रको सम्बन्ध रहेको हुन्छ । पात्रलाई अलग राखेर कुनै पनि आख्यानात्मक कृतिको रचना गर्न सकिदैन । उपन्यासमा पात्रको चरित्रीकरणलाई पनि महत्वपूर्ण रूपमा लिइन्छ । त्यसकारण प्रस्तुत परिच्छेदमा पात्र तथा चरित्रको परिचय प्रस्तुत गर्दै पात्र विश्लेषणका आधारहरूको निरूपण गरिएको छ ।

## ३.२ पात्र/चरित्र शब्दको व्युत्पत्ति र अर्थ

चरित्र शब्दको अर्थ 'चर' धातुमा 'इत्र' प्रत्यय लागेर बनेको हो । यसका विभिन्न अर्थ हुन्छन् । व्यवहार, चालचलन, अभ्यास, काम, जीवन चरित्र, इतिहास, आत्मकथा वृत्तान्त, साहशीक कथा, प्रवृत्ति, स्वभाव, कर्तव्य आदिलाई जनाउँदछ, (आप्टे,१९६९ :३४४) । नेपाली साहित्यमा पात्रको सम्मानार्थी रूपमा चरित्र शब्द प्रचलित रहेको देखिन्छ । आख्यानात्मक कृतिहरूमा अभिनय गर्ने व्यक्ति चरित्र हो ।

उपन्यास निर्माणका लागि आवश्यक पर्ने महत्वपूर्ण तत्वहरूमध्ये चरित्र पनि एक महत्वपूर्ण तत्व हो । उपन्यासको सफलतामा यसले महत्वपूर्ण भूमिका खेल्दछ । चरित्रलाई कुनै पात्र र कृयाकलाप तथा कार्य ब्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिन्छ । मानव जीवनको ब्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास, समाज, प्राप्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । आ-आफ्नै प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे-मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखा पर्दछ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्वपूर्ण जिम्मेवारी चरित्रको हुन्छ । मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । उपन्यासको आयतनभित्र सिङ्गो मानव

सभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगत र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्व चरित्र हो । यसरी तानेर ल्याएको वस्तु पाठकसम्म सम्प्रेसन गर्न जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पूरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ

संस्कृत साहित्यमा प्राचिन कालदेखि नै नाटकका सन्दर्भमा पात्रको विवेचना गरेको पाइन्छ । भरतमुनिले नायक नायिका सम्बन्धी विस्तृत विवेचना प्रस्तुत गरेका छन् । धनञ्जयले नाटकका प्रमुख तत्वहरूमा वस्तु नेता र रसलाई मान्दै चरित्रलाई नेता भनेका छन्, (धनञ्जय,२०१९ : ७) ।

यस प्रकार कथानकमा अभिनय गर्ने व्यक्ति नै चरित्र हो । कोश अनुसार यस पात्र वा चरित्र शब्दको विभिन्न अर्थ लाग्ने भए पनि साहित्यको सन्दर्भमा नाटकको अभिनेता तथा काव्य, कथा, उपन्यास आलिका नायक नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपयुक्त देखिन्छ, (घर्ती,२०६० : १६३) ।

## ३.३ परिभाषा

आख्यानमा अनिवार्य घटकका रूपमा रहेको पात्रलाई कथानकको सारथी पनि भन्ने गरिन्छ । यस्ता आख्यानमा अनिवार्य घटकका रूपमा रहेका पात्रका सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न मन राखेका छन् । पात्रका सम्बन्धमा पूर्वीय र पाश्चात्य विद्वानहरूले आफ्नो तरिकाबाट परिभाषित गरेर पात्रको स्वरूपलाई चिनाउने प्रयास गरेका छन्, जुन यस प्रकार रहेका छन् ।

### क) अरिस्टोटलका अनुसार

"चरित्र त्यो हो, जसले हामीलाई अभिकर्ताहरूमा केहि गुणहरू आरोपित गर्छ र चरित्र त्यसलाई भनिन्छ, जसलाई कुनै व्यक्तिको रूचि अरूचि प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ ।"(उप्रेती, २०६९ : ८) ।

दार्शनिक अरिस्टोटल आदर्श गणराज्यका पक्षपाती भएकोले उनका अनुसार चरित्र पनि नैतिक गुणले युक्त अनुकरणीय र आदर्श हुनुपर्ने कुरामा जोड दिइएको छ ।

### ख) एम.एच.अब्राम्स

"पात्रले नाटकीय वा आख्यानात्मक कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्दछ ।" उनको भनाइ अनुसार चरित्रको आवेग संवाद अभिनय तथा आचरणले उसको प्रवृत्तिलाई निर्धारण गर्दछ, (अब्राम्स, ई.सं.२००० : ३२) ।

**ग) डब्लू जे.हार्भे**

"पात्र अवस्था, सम्बन्ध, परिस्थितिहरूको योगमा हाम्रा अनुभवहरूको समुच्च हो ।"

(उप्रेती, २०६९:८)

**घ) हार्भे**

"चरित्र मनुष्यको आत्मा तत्व हो, जो अनिवार्य रूपमा सामाजिक माध्यमबाट विकासशील वा क्रियाशील हुन्छ ।" (हार्भे, ई.सं. १९६५:३१)

**ङ) अक्फोर्ड एड्भान्स लर्नर्स डिक्सनरीः**

"कुनै पुस्तक, नाटक वा फिल्ममा भएको व्यक्ति वा जनावर त्यसको पात्र हो ।"

(उप्रेती, २०६९:९)

उपर्युक्त परिभाषाहरूले कुनै नाटक, पुस्तक वा फिल्ममा भएका पात्र मानव मात्र नभएर मानववेत्तर प्राणी पनि पात्र हुन सक्ने कुरा उल्लेख गरिएको छ ।

**च) वेवस्टर्स इन्साक्लोपेडिया अनब्रिन्ड डिक्सनरी अफ द इङ्लिस ल्याङेग्वेजः**

"नाटक, कथा आदिमा प्रतिनिधित्व गराइएका व्यक्ति पात्र हुन ।"

(उप्रेती, २०६९ : ९)

**छ) हिन्दी साहित्यकोशः**

"पात्र कथात्मक साहित्यको अन्यतम तत्व हो, जसद्वारा कथाको घटनाहरू घट्छन् अथवा जो ती घटनाहरूबाट प्रभावित हुन्छ ।" (उप्रेती, २०६९ : ९)

**ज) बृहत हिन्दीकोशः**

"अभिनेता, उपन्यासमा बर्णित त्यो व्यक्ति जसको कथावस्तुमा केहि स्थान हुन्छ ।" (प्रसाद र अन्य, सम्पा, २०१३ : ७९७)

**झ) राजेन्द्र द्विवेदी**

"उपन्यास, कथा, नाटक, काव्य आदिमा एक व्यक्ति आफ्नो कथालाई स्वाभाविकता प्रदान गर्न ब्यक्तिलाई सजीव बनाउन पात्र/चरित्रको निर्माण गरिन्छ ।" (द्विवेदी, ई. सं. १९५५ : ९३) ।

**ञ) ऋषिराज बराल**

"कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तत्वहरूलाई गति दिने माध्यम चरित्र हुन् ।" (बराल, २०५६ : १८२) ।

**ट) मोहनराज शर्मा**

"उपन्यासमा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ, जो नैतिक र अभिवृत्तिय गुणले युक्त हुन्छ ।" (शर्मा, २०५५ : १८०) ।

**ठ) राजेन्द्र सुवेदी**

"मानव जीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो ।" (सुवेदी, २०६४ : १७) ।

**ड) नेपाली बृहत शब्दकोशः**

"काव्य, नाटक, कथा, उपन्यास आदिमा वर्णन गरिएका नायक नायिका वा अन्य व्यक्तिहरूलाई पात्र भनिन्छ ।"(पोखरेल र अन्य सम्पा, २०६७ : ७६४)

यी विभिन्न विद्वानहरूको परिभाषालाई हेर्दा चरित्र उपन्यास रचनाको एउटा अनिवार्य र महत्वपूर्ण उपकरणको रूपमा रहेको प्रष्ट हुन्छ । कथानकलाई गति दिने, कार्य-ब्यापारलाई अगाडि बढाउने, उपन्यासकारको उद्देश्यलाई प्रक्षेपण गर्ने अनिवार्य घटकका

रूपमा उपन्यासको चरित्रलाई लिन सकिन्छ । उपन्यासमा रहेकौं पात्रहरूले जीवन जगत्का मानवीय अनुभूतिहरूको चित्रण गर्ने प्रयास गर्दछन् ।

## ३.४ उपन्यासमा पात्रको स्थान र महत्व

उपन्यासमा पात्रको स्थान महत्वपूर्ण र सर्वोपरी हुन्छ । पात्र भनेका उपन्यासकारका महत्वपूर्ण हतियार हुन्, जसले पाठकलाई पगाल्न सक्छ । उपन्यास जीवन र जगतको एक महत्वपूर्ण पक्षको चित्रण हो । जसमा स्रष्टाका जीवन भोगाइ, देखाइ आदिको यथार्थ प्रस्तुती हुन्छ । विविध विषय, वस्तु, समाज, धर्म, संस्कृति, राजनीति, विज्ञान, मनोविज्ञान, जाति, पेशा आदिको प्रतिनिधित्व पात्रले नै गर्ने भएकोले उपन्यासमा पात्रको विशिष्ट स्थान रहेको हुन्छ । पात्रले उपन्यासलाई उर्जा शक्ति प्रदान गर्दै उद्देश्य वा विचारलाई प्रक्षेपित गर्दछ । पात्रमा रहेको विशिष्ट गुणले नै तिनलाई महिमाशाली बनाउने गर्दछ । उपन्यासको गति नियति भन्नु चरित्र भएकाले चरित्रको गठन नै उपन्यासको कथानकको गठन मानिएको छ, (वर्मा, १९९३ : १५०) । यसर्थ पनि उपन्यासमा पात्रको स्थान सर्वोपरि भएको स्पष्ट हुन्छ ।

समग्रमा एउटा उपन्यासले पूर्णता प्राप्त गर्नका लागि अन्य तत्वहरूको जति आवश्यक पर्छ, त्यो भन्दा बढी भूमिका चरित्रको रहन जान्छ । पात्रको क्रियाकलापबाट नै उपन्यासमा कथानकले गति लिइएको हुन्छ । उपन्यासमा समाज, संस्कृति र सभ्यताको पनि पात्रकै माध्यमबाट चित्रण गरिन्छ । उपन्यासको संरचनाको आधार स्तम्भ पनि चरित्र नै हो । यसैको माध्यमबाट कथावस्तुको कार्य-ब्यापार सम्पन्न भएर कुनै विचार वा उद्देश्यले जन्म लिन्छ र सारतत्वको बीजारोपण पाठक वर्गमा हुने गर्दछ । पात्र उपन्यासमा लेखकको सन्देश र उसको जीवनदृष्टि बहन गर्ने माध्यम हुन् । तसर्थ, उपन्यासमा पात्रको भूमिका र महत्व प्रबल रूपमा रहेको पाइन्छ ।

## ३.५ उपन्यासमा पात्र-विधानको विधि

उपन्यासमा प्रयुक्त पात्रहरूको चित्रण गर्दा तिनीहरूले खेलेको भूमिकाको आधारमा गर्नु आवश्यक ठानिन्छ । उपन्यासमा पात्रको चरित्रचित्रण गर्ने विभिन्न विधि रहेका छन् । चरित्रप्रधान उपन्यास वा घटनाप्रधान उपन्यासमा तिनीहरूको चरित्रचित्रणको महत्वपूर्ण भूमिका हुने परिप्रेक्ष्यमा उपन्यासकारले आफ्नो रूचि, पात्रको स्थिति सांस्कृतिक मूल्य मान्यताका आधारमा पात्रको चरित्र चित्रणसम्बन्धी विधिको अबलम्वन गर्दछ । पात्रमा चरित्र

स्थापना गर्ने कार्यलाई चरित्र चित्रण भनिन्छ । चरित्र चित्रण भनेको उपन्यासका पात्रमा फरक-फरक चरित्रको स्थापना गर्नु हो । उपन्यासकारले आफ्ना पात्रको चरित्रलाई विभिन्न तरिकाले चिनाएका हुन्छन् । यसरी पात्रका चरित्रलाई उपन्यासकारले चिनाउन अबलम्वन गरेको विधि वा तरिकालाई चरित्र चित्रण भनिन्छ ।

उपन्यासमा चरित्र चित्रण गर्ने विभिन्न विधिहरू छन् । ती मध्ये मुख्य रूपमा दुई विधि छन्, प्रत्यक्ष र अप्रत्यक्ष । पात्रको चरित्र चित्रण मुख्यतः दुई किसिमले गरिन्छ, विश्लेषणात्मक वा प्रत्यक्ष विधि र नाटकीय वा अप्रत्यक्ष विधि । यसैगरी कृष्णहरि बराल र नेत्र एटम पनि यहि कुरामा सहमत देखिन्छन् । डा. ईश्वर बराललले आख्यानमा खास गरी परोक्ष र अपरोक्ष गरी दुई विधिद्वारा चरित्र चित्रण गरिने कुरा उल्लेख गरेका छन् (बराल, २०५५ : ६१) । त्यसैगरी मोहनराज शर्मा ले चरित्र चित्रणका लागि प्रदर्शनात्मक र कथानकीय विधिद्वारा अध्ययन गर्न सकिन्छ भनेका छन् (शर्मा, २०५५ : ९६-९८) । कन्साइज अक्सफोर्ड डिक्सनरी अफ लिटरेरी टर्म्स मा पनि चरित्र चित्रणका प्रत्यक्ष र परोक्ष विधिलाई नै स्वीकारिएको छ ।

यसरी विभिन्न विद्वानले गरेका चर्चा परिचर्चालाई आधार मानेर चरित्र चित्रण दुई विधिद्वारा गर्न सकिन्छ । यी विधिको विश्लेषणात्मक चर्चा यहाँ प्रस्तुत गरिन्छ :-

### ३.५.१ समाख्यानात्मक विधि वा प्रत्यक्ष विधि

समाख्यानात्मक वा प्रत्यक्ष विधिमा लेखक स्वयमले पात्रको आचार-विचार, अनुभव, उद्घाटित गर्दछ । उपन्यासकारले पात्रका गुण, स्वभाव, दोष वा चरित्रिक विशेषताको बारेमा सोझै बर्णन गरेर भावकलाई जानकारी दिने प्रत्यक्ष विधि हो । यस्तो बर्णन आजकाल विशेष गरी मनोवैज्ञानिक उपन्यासमा प्रकट भएको पाइन्छ (नेपाल, २०४४ : ६८) ।

### ३.५.२ परोक्ष वा नाटकीय विधि

परोक्ष वा नाटकीय विधिबाट चरित्रचित्रण गर्दा उपन्यासकार टाढा बस्छ र उसका चरित्रलाई आफै परिचित हुने गरी तथा प्रदर्शित हुने उचित अवसर प्रदान गर्दछ । उनीहरूको विचार उकेल्न मिल्ने वातावरण तयार गरिदिने कर्तव्यमात्र उपन्यासकारको हुन्छ र पात्रलाई अन्य पात्र वा घटनाका बारेमा टिप्पणी गर्न दिइन्छ । परोक्ष विधिबाट चरित्र

चित्रण गर्दा उपन्यासकारले सङ्केत, घटना, मनोवाद र संवाद जस्ता ४ वटा विधिको प्रयोग गर्दछ(बराल र एटम, २०६६ : ३२) ।

## ३.६ उपन्यासमा पात्रको औचित्य

उपन्यासमा कस्ता पात्रहरूको चयन गर्ने भन्ने कुरा पात्र चयनको औचित्य हो । चरित्रले कथावस्तुमा वर्णित घटनाहरूको सम्बन्धमा मानव र मानवेत्तर प्राणीसँग सम्बन्ध राख्दछ । पात्र चयन गर्दा मानवेत्तर प्राणीहरू, पशुपंक्षी, वायु, वृक्ष आदिको प्रयोग भएका उपन्यासहरू पनि हामी पाउन सक्छौं । त्यस्ता मानवेत्तर पात्रले मानवीय भावना र संवेदनालाई भने उद्वेलित बनाउन सक्नुपर्छ । लैनसिंङ् वाङ्देलको लङ्गडाको साथी उपन्यासमा कुकुरलाई पात्रको रूपमा उभ्याएर त्यसकै माध्यमबाट मानवीय संवेदनालाई तरङ्गीत बनाइएको छ । यद्यपी हिजोका दिनमा उपन्यासमा प्रयोग गरिने पात्रको स्थानमा हिजोआज बुर्जुवा पूँजीपतिवर्ग, मजदूर, नयाँ नयाँ वैज्ञानिक आविश्कारले लिन थालेका छन् । यसको अर्थ उपन्यासमा पात्रको चयनमा पनि समय सापेक्ष रूपमा परिवर्तन हुँदै आएको पाइन्छ ।

उपन्यासमा पात्रको चयन गर्ने कार्य त्यति सजिलो छैन । उपन्यासकारले अबलम्वन गरेको विषय सामग्रीलाई आत्मासात् गर्नसक्ने तथा विचारअनुरूप अनुकूलित हुन सक्ने पात्रको चयनमा विशेष ध्यान पूऱ्याइएको हुन्छ । उपन्यासमा पात्र चयनको भएको वर्गीयता र बर्गबोध हो । उपन्यासमा विषम आर्थिक सामाजिक संरचनाको प्रतिबिम्वन भएको छ अथवा उपन्यासकारको रूचि वर्गीयतालाई देखाउनु रहेको छ भने त्यस्ता उपन्यासको पात्र पनि वर्गीय प्रकारको चयन गर्नु उपयुक्त हुन्छ । उपन्यासकारले पात्र चयनमा जीवनवोधलाई पनि ध्यान दिएको हुन्छ । उपन्यासमा जीवनलाई बुझ्न सक्ने प्रकारको पात्रको प्रयोग गरिनु पर्छ । उपन्यासमा पात्र चयन गर्ने अर्को आधार उद्देश्य हो । उद्देश्यको निर्धारण गरेर त्यस उद्देश्य अनुकूल पात्रको चयन गर्नु पर्दछ ।

उपन्यासको पात्र चयनको अर्को आधार विचार तत्व हो । उपन्यासकारले कस्तो विचारको प्रवाह गर्न खोजको हो, त्यस अनुकूल पात्रको चयन गर्नुपर्दछ । म्याक्सिम गोर्की ले प्रतिनिधि विषय साथमा प्रतिनिधि पात्र चयन र तिनको सजीव चित्रणमा विशेष जोड दिइएका छन् (गोर्की, १९९७ : ४७) । यसको अर्थ उपन्यासमा समाजको प्रतिनिधिमूलक प्रतिबिम्वन होस् भन्ने हो ।

## ३.७ उपन्यासमा पात्रको चरित्रचित्रण

उपन्यासको सवैभन्दा महत्वपूर्ण पक्ष नै चरित्र-चित्रण हो । सामाजिक संरचनाको चित्र चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्राप्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । व्यक्तिका आन्तरिक र वाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हुन् । व्यक्तिको चरित्र वाह्य रूपमा प्रकट हुँदा उसको चरित्र सामाजिक बन्छ भने अन्तर्पक्ष प्रकटित हुँदा उसको चरित्र मनोविज्ञानमा रूपान्तरित हुन्छ । आ-आफ्नो प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे-मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखा पदर्छ । यी विविध कारणले नै मान्छे-मान्छेमा वैयक्तिकताको निर्माण हुन्छ । तिनै विभिन्न वैयक्तिकताले मान्छेलाई मौलिकता प्रदान गर्दछ, (आप्टे, १९६९ :३७४) ।

चरित्र व्यक्ति जीवनको वाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासँग सम्वद्ध हुने हुनाले खण्ड रूपमा मनुष्यलाई बुझ्नु र उसको सामाजिक जीवन र वैयक्तिक अन्ततः स्थितिको विश्लेषण गर्ने काम उपन्यासले गर्नु पर्दछ । आ-आफ्नो सामाजिक, वैयक्तिक र भौगोलिक विशेषताहरूले गर्दा मनुष्य जातिमा असंख्य विविधता छन् । अतः सामाजिक, वैयक्तिक वा मानवीय आधारमा उनीहरूको वैविध्यको र विविधता भित्रै एकताको अध्ययन उपन्यासमा चरित्रचित्रणले नै गर्नुपर्दछ ।

कृतिमा प्रत्येक चरित्रको रूप र बिम्व फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ । स्रष्टाले पात्रमा निश्चित नैतिक अभिवृत्ति प्रकट गराउने हुँदा उनीहरूको संसार भिन्नै हुन्छ, जुन संवाद र क्रियाद्वारा व्यक्त हुन्छ । यद्यपि उपन्यासको चरित्र निर्मित हुन्छ तर पनि त्यसले संसारिक जीवनको वाह्य एवं आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ । त्यस्तै पात्रउपर नै स्रष्टा सवैभन्दा बढी निर्भर रहेको हुन्छ । उपन्यासमा आएको चरित्रले कथानकको समग्रतालाई प्रस्तुत गर्ने र फेरवदल गर्ने गर्दछन् । उपन्यासकारले आफ्नो विचार वा जीवनको दृष्टिकोण चरित्रमार्फत नै व्यक्त गर्दछ । यो नै लेखक र पाठक बीचमा सम्बन्ध स्थापना गर्ने माध्यम पनि हो । उपन्यासका चरित्र जीवनका घात प्रतिघातरूलाई बुझ्न सक्ने जीवन्त हुनुपर्दछ, (बराल, २०५६ : ३४) ।

यसकारण उपन्यासमा चरित्रचित्रणको महत्वपूर्ण भूमिका रहन्छ । चरित्रचित्रण सजीव ढंगले गरिएको छ भने मात्र उपन्यास सफल बन्दछ । यसका लागि उपन्यासमा पात्रहरू यथार्थको नजिक पुग्न अत्यावश्यक हुन्छ । उपन्यास चरित्र केन्द्रित हुने भएकाले र चरित्रले उपन्यासमा व्यक्त हुने वृहत सत्य र उद्देश्य परिपुष्टि गर्ने भएकाले यसको ठूलो महत्व छ ।

## ३.८ उपन्यासमा पात्र वर्गीकरण आधार

चरित्र सवै एकै प्रकारका हुँदैनन् । कार्य-ब्यापारका आधारमा पात्रहरूको वर्गीकरण गरिन्छ । उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको हुन्छ । वास्तवमा मान्छे जति किसिमका हुन्छन्, पात्र पनि त्यति किसिमका हुन्छन् । त्यसैले पात्र यति नै हुन्छन् भनेर वर्गीकरण गर्न एकदमै कठिन छ तापनि प्राचिन कालदेखि नै चरित्रको वर्गीकरण हुँदै आएबाट चरित्रलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । चरित्र वर्गीकरणका आधारका सन्दर्भमा धेरै नेपाली विद्वानहरूले आफ्नो विचार प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार चरित्र वर्गीकरणका आधारहरू यसप्रकार रहेका छन् :-

टङ्कप्रसाद न्यौपाने ले कथावस्तुका दृष्टिले प्रधान र गौणपात्र चरित्रका दृष्टिले स्थिर र गतिशीलपात्र भूमिकाका दृष्टिले वर्गीय र वैयक्तिक पात्र भनी वर्गीकरण गरेका छन् (बराल, २०६३ : ३४) ।

ऋषिराज बराल ले पात्रको वर्गीकरण गतिशील पात्र र स्थिर पात्र, गोला पात्र र चेप्टा पात्र, प्रतिनिधि पात्र र व्यक्तिपरक पात्र, अन्तर्मुखी र वहिर्मुखी पात्र भनी वर्गीकरण गरिएको पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् (बराल, २०६३ : ३४) ।

***कृष्णहरि बराल र नेत्र एटम*** ले गतिशील र गतिहीन, यथार्थ र आदर्श, अनुर्मुखी र वहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक भनी पात्रहरूको वर्गीकरण गरिएको पाइन्छ (बराल र एटम, २०५८:३७) ।

***मोहनराज शर्मा*** ले पात्रको वर्गीकरण लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावको आधारमा गतिशील र गतिहीन, जीवन चेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताको आधारमा नेपथ्य र पञ्चपात्र, आवद्धताको आधारमा बद्धपात्र र मुक्तपात्र भनी

वर्गीकरण गरेका छन् र यसै आधारमा पात्रको अध्ययन गर्दा उपयुक्त हुने कुरा बताएका छन्,(शर्मा, २०४९ : १५५-१५८) ।

पात्र वर्गीकरणका वारेमा नेपाली विद्वान तथा समालोचकहरूले आ-आफ्नो मान्यताहरू व्यक्त गरेका छन् । उनीहरूका यी मतहरूमा एकरूपता पाउन सकिन्न । यसै सन्दर्भमा मोहनराज शर्माले प्रस्तुत गरेको वर्गीकरणको आधार नै उत्तम, वस्तुनिष्ठ तथा वैज्ञानिक देखिन्छ । ती आधारहरूलाई बुँदागत रूपमा तल विश्लेषण गरिएको छ ।

### ३.८.१ लिङ्गका आधारमा

लिङ्गका आधारमा चरित्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई प्रकारका हुन्छन् । पात्रको शारीरिक वर्णन, नाम, स्वभाव र उसका लागि प्रयुक्त भएको क्रियापदको आधारमा लिङ्ग छुट्टाउन सकिन्छ । उपन्यासमा नारी तथा पुरूष दुवै खाले पात्रहरू भए पनि यी दुवै खाले पात्रको सहकार्यमा उपन्यासले पूर्णता प्राप्त गर्दछ ।

### ३.८.२ कार्यका आधारमा

आख्यानमा उपस्थित भएर सवै पात्रले समान कार्य गर्दैनन् । उनीहरूले गर्ने कार्य वा भूमिकाका आधारमा पनि पात्रको विश्लेषण गर्न सकिन्छ । कार्यका आधारमा पात्रलाई प्रमुख पात्र, सहायक पात्र र गौण पात्र गरी ३ प्रकारमा विभाजन गरिएको छ । जुन पात्रका माध्यमद्वारा औपन्यासिक कथानकले विकासका विभिन्न मोडहरू पार गर्दै अन्तिम औपन्यासिक परिणति प्राप्त गर्दछ, त्यसलाई प्रमुख पात्र भनिन्छ । यसरी हेर्दा कार्य-ब्यापारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने नाम र सर्वनामको पुनरावृत्ति हुने पात्र प्रमुख पात्र हो । त्यसैले उपन्यासको अन्तमा हुने परिणाम जसले भोग्छ त्यहि पात्र उपन्यासको मुख्य पात्र हो । आख्यानको मुख्य पात्रभन्दा कम भूमिका र महत्व रहेको पात्र सहायक पात्र हो, यी पात्रले कथानकको विकासमा सहयोगी भूमिका खेल्नुका साथै मुख्य पात्रलाई सहयोग गरेको हुन्छ । सहायकको भूमिका मुख्य पात्रसँग जोडिएको हुन्छ । मुख्य पात्रको चारित्रिक विकासमा गौरव, प्रतिष्ठा र महत्व प्रदान गर्ने सहायक पात्रको भूमिका अत्यन्तै तीव्र र प्रभावकारी रहेको पाइन्छ । आख्यानमा प्रयुक्त पात्र मध्ये सवैभन्दा कम कार्य-ब्यापार गर्ने पात्र गौण पात्र हुन् । उपन्यासको घटनासँग कहीं कतै जोडिएको त्यस्तो कुनै खास भूमिका नभएका पात्र गौण पात्र हुन् । यस्ता पात्रलाई उपन्यासबाट हटाउँदा पनि संरचनामा खासै असर पर्दैन ।

कथानकलाई विश्वासिलो र रोचक बनाउन भने यस्ता पात्रले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

### ३.८.३ प्रवृत्तिको आधारमा

यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै प्रकारका भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत्य हुन्छन् भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत्य हुन्छन्,(शर्मा, २०४८ : ११५) ।

### ३.८.४ स्वभावको आधारमा

यस आधारमा चरित्र गतिशील र गतिहीन गरी २ प्रकारका हुन्छन् । कुनै परिस्थिति अनुसार आफ्नो चरित्र वदल्ने पात्र गतिशील हुन्छ भने जो आफ्नो विचार, सिद्धान्त र जीवन-धारा वदलेर स्थिति सुहाउँदो बन्छ । परिस्थिति वदलिए पनि उस्तै जीवन विताउने पात्र गतिहीन हुन्छ (बराल र एटम, २०५८ : ३५)।

### ३.८.५ जीवन चेतनाका आधारमा

समाजको कुनै सिङ्गो वर्ग वा समूहको प्रतिनिधित्व गर्नु वा नगर्नु नै जीवनचेतना वा प्रतिनिधित्वको आधार हो । यस अन्तर्गत पात्रहरू व्यक्तिगत र वर्गीय गरी २ किसिमका हुन्छन् । समाजमा देखिएका कुनै वर्गमध्ये उपन्यासमा प्रयुक्त पात्रले आफ्नो स्वतन्त्र, वैयक्तिक विशेषता भन्दा आफ्नो सामान्य जाति, धर्म, परिवेश, वातावरण, समाज अर्थात् खास कुनै एक वर्गको प्रतिनिधित्व गर्दछन् भने त्यस्ता पात्रलाई वर्गगत पात्र भनिन्छ तर जुन पात्र उपन्यासमा प्रयुक्त नभई आफ्नै मात्र वा कुनै एक व्यक्ति विशेषको मात्र प्रतिनिधित्व गर्छ, त्यसालाई व्यक्तिगत पात्र भनिन्छ ।

### ३.८.६ आसन्नताको आधारमा

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई  आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भएर संवाद वा कार्य प्रस्तुत गर्ने पात्र मञ्चीय पात्र हुन्छ भने कथायिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ (शर्मा। २०४८ : ११५) ।

### ३.८.७ आवद्धताको आधारमा

यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई किसिमका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा कथानकमा त्यति असर पर्दैन किनभने यस्ता पात्रलाई उपन्यासमा कम महत्व दिइएको हुन्छ ।

यसप्रकार चरित्र वर्गीकरणका उपयुक्त आधारहरू रहेका छन् । यी आधारहरूले चरित्रका सवै पक्षलाई समेटेका छन् । चरित्र वर्गीकरणका अन्य आधारहरू देखिए पनि त्यति महत्वपूर्ण भने छैनन् ।

### ३.८.८ निर्कष

साहित्यको इतिहासमा आख्यानको आरम्भ संगै पात्रको आरम्भ भयो । आख्यानमा घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने शब्द नै पात्र हो । पात्रलाई अर्को शब्दमा चरित्र पनि भनिन्छ । पात्र वा चरित्रको सम्बन्धमा विभिन्न विद्वान तथा समालोचकहरूले आ-आफ्नो ढंगबाट परिभाषा दिएका छन् । तापनि आख्यानमा कथानक वा घटनासँग जोडिएर आउने तत्व नै पात्र हो । आख्यानमा पात्र अनिवार्य संरचक घटक हुनाको साथै विचार वाहक माध्यम समेत हुनाले उपन्यासमा तिनको स्थान सर्वाधिक महत्व मानिएको छ । आख्यानकारले परिवेश, देश, काल परिस्थिति अनुसारको पात्रको संयोजन गरेको हुन्छ । यसैलाई नै पात्र विधान भनिन्छ । उपन्यासमा उपन्यासकारले उपस्थापना  गर्ने कार्य पात्र विधान हो । उपन्यासमा कति पात्र राख्ने, कुन पात्रलाई कस्तो चरित्र दिने, कुन पात्रलाई कस्तो भूमिका दिने, कुन वर्गबाट चिनाउने जस्ता कुराको उचित प्रबन्धन पात्र विधान हो । आख्यानमा पात्रहरूको चारित्रीकरण गर्ने  विभिन्न विधिहरू छन् । ती विधिहरूमा प्रत्यक्ष विधि र परोक्ष विधि रहेका छन् । प्रत्यक्ष विधिमा स्वयम् उपन्यासकारले सोझै पात्रका गुण, दोष, स्वभाव आदिका बारेमा वर्णन गर्दै त्यसको मूल्याङ्कन समेत गर्दछ । परोक्ष विधिमा चरित्र चित्रण गर्दा उपन्यासकार टाडै बसेर पात्रका व्यवहार, संवाद र उसका क्रियाकलाप

आदिका माध्यमबाट पाठकलाई पात्रका बारेमा जानकारी दिइन्छ । आख्यानमा प्रयुक्त पात्रहरू विभिन्न प्रकारका हुन्छन । ती पात्रहरूको वर्गीकरण विभिन्न विद्धवानहरुले आ-आफ्नै तरिकाले गरेका छन् । पात्र सम्बन्धि ती विभिन्न विद्धानहरुका मतलाई समेटेर मोहन राज शर्माद्वारा प्रस्तुत आधार नै हालसम्म स्पष्ट वस्तुनिष्ट र वैज्ञानिक देखिन्छ । उनले पात्रहरुलाई लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आवद्धताका आधारमा वर्गीकरण गरेका छन् । उनको वर्गीकरण नै पात्र विधानको सामान्य वर्गीकरणको प्रमुख आधार हो ।

## परिच्छेद चार

# 'स्वास्नीमान्छे' उपन्यासमा रहेका पात्रहरूको विश्लेषण

### ४.१ 'स्वास्नीमान्छे' उपन्यासमा रहेका पात्रहरूको विश्लेषण

उपन्यास चरित्रमा टिकेको हुन्छ । यसमा विविध चरित्रहरूको प्रयोग गरिएको हुन्छ । उपन्यासमा उपस्थित भएका सबै चरित्र समान प्रकारका हुँदैनन् । स्वभाव, कार्य, प्रवृत्ति आदिका आधारमा चरित्रहरू बेग्लाबेग्लै प्रवृत्तिका हुन्छन् । पात्रहरूको विश्लेषण गर्न कुनै आधारहरूको आवश्यकता पर्दछ । पात्रहरूका विश्लेषण गर्ने आधारहरू विभिन्न नेपाली विद्वानहरूले प्रस्तुत गरेका छन् । विद्वानहरूको मत फरक-फरक रहेका छन् । टङ्कप्रसाद न्यौपाने, ऋषिराज बराल, कृष्णहरि बराल र नेत्र एटम, मोहनराज शर्मा आदि विद्वानहरूले पात्र वर्गीकरण सम्बन्धी चरित्र विश्लेषणका आधारहरू उल्लेख गरेका छन् । यी विद्वानहरूको चरित्र वर्गीकरण सम्बन्धी आधारमा मोहनराज शर्माले उल्लेख गरेका आधारहरू लिङ्गको आधारमा स्त्रीलिङ्ग र पुलिङ्ग, कार्यको आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिको आधारमा अनुकूल र प्रतिकूल, स्वभावको आधारमा गतिशील र गतिहीन, जीवनचेतनाको आधारमा वर्गीय र वैयक्तिक, आसन्नताको आधारमा नेपथ्य र मञ्चीय, आवद्धताको

आधारमा बद्ध र मुक्त पात्रलाई बढी वैज्ञानिक मानिएको हुँदा यहाँ यसैको आधारमा 'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको विश्लेषण गरिन्छ ।

## ४.२ मोतीमाया

मोतीमाया 'स्वास्नीमान्छे' उपन्यासकी प्रमुख नारी पात्र हो । मोतीमाया प्रमोदकी विवाहिता पत्नी र विनोदको आमाको रूपमा उपन्यासमा देखापरेकी छिन् । उपन्यासमा प्रमुख पात्रका रूपमा उपस्थित मोतीमाया यौवन हुँदा पतिबाट निकै माया पाउने र छोराछोरी जन्मेपछि अपहेलित हुने नारी जातिको प्रतिनिधि पात्र पनि हो भने अर्को तर्फ सौता हालिएर पतिको मायाबाट टाढा हुन पुगेका नारीहरूको प्रतिनिधिको रूपमा पनि उपन्यासमा देखापरेकी छिन् । आदर्श तथा पवित्र नारी मोतीमाया हिन्दु धर्मको विश्वास गर्ने, पतिलाई परमेश्वर मान्ने, नेपाली नारीको प्रतिनिधित्व गर्ने पात्र पनि हो । पुरूषप्रधान सामन्ती समाजकी नारीपात्र मोतीमायाको आदर्शताको बयान उपन्यासभर प्रवाहित रहेको छ, (प्रधान, २०५८ : २९) । मोतीमाया सौता कमला र अत्याचारी लोग्नेको विरूद्धमा कुनै आवाज उठाउन नसक्ने कमजोर पात्रको रूपमा देखिएकी छिन् । पति प्रमोदले लाउन र खान नदिए तापनि मोतीमाया उसैको घरमा बसी लोग्नेकै सेवा गरी जिन्दगी बिताउन प्रयत्नशील देखिन्छे । आफूमाथि परपुरूषसितको सम्बन्धको आरोप लगाएर घरबाट निकाल्न षड्यन्त्र, पतिले दिएको शारीरिक र मानसिक यातना जस्ता कुराहरूबाट पनि मोतीमायामा पतिप्रति घृणाको सट्टा पतिभक्ति र सतीत्वकै भावना कायम रहन्छ । रातदिन सौता र श्रीमान्को पीडा खप्न नसकी आफ्नो दूधे वालक विनोदलाई ईश्वरको काखमा छोडेर आत्महत्या गर्न भनी सिम्भु पुगेकी मोतीमायालाई मोहनबहादुर बचाउँछ । बहिनी बनाएर घरमा लगेको मोहनबहादुरले मोतीमायाको यौवनलाई देखेर, प्रेमको अनेक बहाना बनाएर मोतीमायासँग विवाह गर्न पुग्छ । तर उसको यौवनले भरिएको शरिरको पूर्ण उपभोग गरिसकेपछि मोहनबहादुरले पनि उसलाई घरबाट निकाल्छ । यसरी हेर्दा मोतीमाया पुरूषप्रधान सामन्ती समाजद्वारा शोषित नारी वर्गको प्रतिनिधित्व गर्ने एक वर्गीय चरित्र हो । मोतीमाया आदर्श पात्रको रूपमा प्रस्तुत भई नारी समस्या प्रस्तुत गर्ने उपन्यासकारको माध्यम भएकी छे । उपन्यासको मूल कथानकसँग गाँसिएको हुँदा उसलाई उपन्यासबाट हटाइए उपन्यासको स्वरूप नै समाप्त हुने भएकोले उपन्यासकी बद्ध पात्र हो । उपन्यासमा सकारात्मक चरित्रका रूपमा देखा परेकी मोतीमाया मोहनबहादुरको घरबाट पनि निकालिएपछि मिश्रीको कोठी हुँदै मैयाँ नानीको कोठीमा पुग्छे । मैयाँ नानीले अनेक न्युले

सम्झाउँदा पनि आफ्नो सतीत्व बेच्न तयार नभएकी मोतीमाया अन्त्यमा गायिकाको रूपमा मात्र मैयाँ नानीको संस्थामा प्रवेश गर्न राजी भएबाट मोतीमाया गतिशील पात्र हो । आफ्नो सन्तान छाडेर हिड्न बाध्य भएकी मोतीमाया छोराप्रति मातृस्नेह कम हुन नदिने ममतामयी आमा हो । पुरूषप्रधान सामन्ती समाजका पुरूषहरूको भोग विलासी प्रवृत्तिबाट पतित बनाइएकी मोतीमायालाई अन्त्यमा “नारी उद्धार संस्था” मै विनोद लिन पुग्दा आफूलाई समाजको सामु मुख देखाउँन गाह्रो हुने कारण देखाउने मोतीमाया मैयाँ नानी र विनोदले सम्झाएपछि घर फर्कन्छे ।

यसरी हेर्दा मोतीमाया एक सरल, स्वच्छ हृदय भएकी ममतामयी आमा र आदर्श हिन्दु नारीका रूपमा प्रस्तुत भएकी छे । उपन्यासको आदिदेखि अन्त्यसम्म नै आफ्नो भूमिका निर्वाह गर्न प्रस्तुत भएकी मोतीमाया उपन्यासकी मञ्चीय पात्र हो ।

## ४.३ प्रमोद

प्रमोद मोतीमाया तथा कमलाको पति तथा विनोदको बावु हो । उपन्यासमा प्रमुख पात्रका रूपमा देखापरेका प्रमोद आफूलाई आर्थिक रूपले सम्पन्न ठान्ने पुरूषप्रधान समाजका पुरूषहरूको प्रतिनिधि पात्र हो । उपन्यासमा खलनायकका रूपमा देखापरेका प्रमोद नारीहरूलाई वासनापूर्तिको साधन मान्दछन् । नारीबाट मोजमज्जा लिएर मानवता शुन्य कार्य गर्ने प्रमोद नारीको सतीत्व हरण गर्नु कुनै आपत्ति ठान्दैनन् । विवाहिता पत्नीको चरित्रबारे नचाहिँदा शङ्का गरी उनको जीवनलाई समाजका अगाडि बर्वाद गर्छ । पुरूष वर्गको वर्गीय पात्रको रूपमा देखापरेको प्रमोद अविवेकी, निर्दयी, क्रुर, जाली र फटाहा पात्र हो । प्रमोद ‘छोरालाई अंश दिनु पर्छ’ भन्ने जस्तो सामान्य कुराबाट पहिले नै होसियार रहनको लागि नाबालक छोरालाई फकाएर हुन्छ वा धम्काएर हुन्छ औंठाको सहीछाप लिएर बेलैमा हृदयको आगो शान्त गर्न चाहन्छ । प्रमोदमा आफू बूढो भए पनि तरूनी आइमाइसँग खेल्ने, आफूले जति अपराध गरेपनि नारीलाई मात्र दोष दिने र आफूले उखुको रस चुसेर फ्याँलेझैं नारीहरूसित व्यवहार गर्ने प्रवृत्ति देखिन्छ । मोतीमाया तरूनी हुँदा त्यहि प्रमोद भन्छ, “मोती तिमी साँच्ची नै मोती रहिछ्यौ, तिम्रो मोतीजस्तो लोभिँदो मुहारले मलाई ज्यादै आनन्द गरायो । तिमीलाई पाएर मैले स्वर्गको कल्पनालाई पनि बिसाएँ । बरू म तिमीलाई योग्य नभएको हुन सक्तछ । मैले तिम्रो अगाडि उभिएर प्रार्थना गर्ने सौभाग्य पाएको हुनाले म तिम्रो प्रशन्नताको भिक्षा माग्दछु । मोती! तिमी एकचोटी मीठो मुखले

हाँसिदेऊ । तिमीलाई सँधै हाँसिरहेकी पाउन चाहन्छु ।" प्रमोदले यी कुरा सुहागरातमा भनेको थियो । त्यतिबेला मोतीमाया पुष्ट दिई । तर जब मोतीमायाको उमेर ढल्कँदै गयो र उसको स्थानमा तरूनी कमला आईपुगी । तब प्रमोद भन्छ–"तँलाई म एकछिन पनि मेरो घरमा राख्न चाहन्न । अब एक घण्टा भित्रमा पनि मेरो घरबाट निस्किनस् भने तेरो जात्रा नदेखाइ छोड्दिन, त्यसबेला अनि थाहा पाउलिस्, घर डुलेर र नाठो खेलाएर खाएको नतिजा कस्तो हुँदो रहेछ ।" यतिमात्र होइन, प्रमोद कमलासँग पनि अघाउँदै जान्छ र आफ्नै नोकर्नी चम्पाको गठिलो शरीरप्रति लुब्ध हुँदै भन्छ-"कमला भात खान लागेकी बेला एकचोटि आइज न है, तँलाई भनेर मैले एउटा राम्रो फरिया ल्याइराखेको छु ।" उपर्युक्त भनाईबाट प्रमोदको भोगविलासी प्रवृत्तिको पुष्टि हुन्छ,(प्रधान, २०५८:२२) ।

उपन्यासको प्रमुख खलपात्र प्रमोदको स्वभाव सुरूदेखि अन्तसम्म एउटै देखिएबाट उ उपन्यासको गतिहीन स्वभावको चरित्र हो । उपन्यासको बद्ध पात्र हो । उपन्यासमा प्रमोदले विभिन्न षड्यन्त्र गरी मोतीमायालाई पतित बनाउने कार्यले गर्दा ऊ पाठक वर्गको घृणाको पात्र बन्छ, त्यसैले ऊ प्रतिकूल चरित्रको रूपमा देखा पर्दछ । यसरी हेर्दा ऊ उपन्यासको खलनायक, नकारात्मक चरित्र, यौनपिपासु र जाली पात्रको रूपमा प्रस्तुत भएको छ ।

## ४.४ विनोद

विनोद मोतीमायाको छोरो हो । उपन्यासको सुरूदेखि अन्त्यसम्म ऊ प्रमुख पात्रको भूमिकामा उपस्थित छ । पिता प्रमोद र सौतेनी आमा कमलाको अत्याचार तथा आमा मोतीमायाको विपन्नता र विवशतामा हुर्केको मातृभक्त विनोद एक मात्र त्यस उपन्यासको पुरूषप्रधान सामन्ती समाजको समाज सुधारक पुरूष पात्रको रूपमा देखापरेको छ । समाजमा सवै पुरूषहरू खराब चरित्रका हुँदैनन् र त्यस्ता असल पुरूषहरू नारीहरूको मुक्तिको लागि सहयोग गर्दछन् । यसै सहयोग गर्ने पुरूष वर्गको प्रतिनिधि पात्रको रूपमा वर्गीय चरित्रका रूपमा विनोद उपन्यासमा उपस्थित छ ।

विनोद महिलाको इज्जत गर्ने नारी मुक्तिको पक्षमा प्रस्तुत छ । आफ्नी आमा चाहनाले रण्डी भएको होइनन्, रण्डी बनाइएकी हो भन्ने भाव व्यक्त गर्दछ । आमालाई रण्डी बनाउने दोष प्रथमतः ऊ आफ्नै पिता प्रमोदलाई र दोस्रो दोष समाजलाई दिन्छ । ऊ यस सामाजिक विकृतिको जरो उखेल्न चाहन्छ । उपन्यासमा नायकको रूपमा प्रस्तुत भएको विनोद सामन्ती समाजलाई परिवर्तन गर्न चाहन्छ । समाजको आड लिएर आफूलाई राम्रो र

सभ्य देखाउँन चाहने प्रमोदलाई उत्तर दिँदै विनोद भन्छ–"समाजले मानिसलाई हृदय दिएन, मानिसले मानिसको हृदय बनाएन भने त्यस कुहे-सडे मक्केको समाजलाई आगो लाउन सक्नुपर्छ । किनभने समाजको कर्तव्य मानिसलाई घिनाउनु होइन, मानिसको हृदय बनाउनु हो । मानिसमा हृदय बनाइ दिएर म समाजलाई बनाउने छु ।" (प्रधान,२०५८:१३८) । उपन्यासमा अनुकूल चरित्रको रूपमा देखापरेको विनोद मोतीमायाको चरित्रलाई बल दिने पात्र हो । कुनै पनि व्यक्ति यथार्थ थाहा नपाउञ्जेल मात्र भ्रममा रहन्छ र वास्तविकता थाहा पाएपछि ऊ भ्रममुक्त हुन्छ भन्ने कुरा खुकुरी बोकेर कोठीमा आमालाई समाप्त पार्छु भनेर हिडेको विनोद पछि आमाको यथार्थता थाहा पाएपछि आमाको अधिकार प्राप्तिको संघर्षमा सामेल भएबाट स्पष्ट हुन्छ । विनोद उपन्यासको निष्कर्ष हो । जो महिला मुक्तिको आन्दोलनलाई गति र मूर्त रूप दिन धैर्यबाट सङ्घर्षको सुरूवात गर्दछ । ऊ मैयाँ नानीको प्रशंसा गर्दै आफ्नो घरलाई 'मैयाँमन्दिर' घोषणा गर्छ तापनि ऊ 'नारी उद्धार संस्था'द्वारा सञ्चालित आन्दोलनमा भने सकिय रूपमा संलग्न रहेको देखिदैन ।

उपन्यासमा स्थिर चरित्रका रूपमा उपस्थित विनोद उपन्यासको कथानकसँग आवद्ध भएकोले ऊ उपन्यासको बद्ध पात्र हो । यसरी हेर्दा ऊ उपन्यासको सामन्ती पुरूषप्रधान समाज विरोधी, क्रान्तिकारी, प्रगतिवादी, नारीमुक्तिको सहयात्री, स्थिर र सत् पात्रका रूपमा उपन्यासमा उपस्थित रहेको छ ।

## ४.५ मोहनबहादुर

मोहनबहादुर 'स्वास्नीमान्छे' उपन्यासको खलपात्र अथवा खलनायक हो । परिवारका नाममा दुईवटी विवाहित वहिनी र एउटी बुढी काकी भएको मोहनबहादुर सामन्ती स्वभावको व्यक्तिको रूपमा उपन्यासमा उपस्थित भएको छ । ऊ विवाहित र परिवारिक जीवनको सट्टा अविवाहित भएर धेरै महिलाहरूसँग विवाहको नाटक रच्दै यौन चाहना तृप्ति गर्ने पात्रको रूपमा प्रस्तुत भएको छ । स्वास्नीमान्छेलाई खेलौनाजस्तै वस्तु ठान्ने बेइमानी विश्वासघाती मोहनबहादुर समाजलाई उधोँ गतितिर लैजाने जाली, फटाहहरूको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो ।

मोहनबहादुर धुर्त र स्वार्थी व्यक्ति हो । ऊ अर्काको विवशताबाट फाईदा उठाउँछ साथै नैतिकताको लामो भाषण छाँट्दै आफ्नो स्वार्थ पुरा गर्छ । ऊ उपन्यासमा यस्तै विवशतामा परेका नारीहरूसँग विवाहको नाटक रच्दै केही दिन रमाइलो गर्दै र स्वार्थ पुरा

भएपछि जबर्जस्ती फाल्दै हिड्ने चरित्रको रूपमा उपन्यासमा देखा परको छ । ऊ मोतीमायाको विवशताबाट फाईदा उठाएर आफ्नो स्वार्थ पूरा गर्न भलाद्मी र सहयोगीका रूपमा उपस्थित हुने धोकेवाज, भ्रष्ट, निर्दयी, र नकारात्मक चरित्र भएको पात्रका रूपमा यस उपन्यासमा प्रस्तुत भएको छ ।

स्थिर चरित्रका रूपमा उपन्यासमा देखापरेको मोहनबहादुरको भूमिका उपन्यासको कथानकमा आवद्ध भएकोले ऊ वद्ध पात्र हो । ऊ उपन्यासमा मञ्चीय पात्रको रूपमा आएको छ भने सहायक खलपात्र प्रतिकूल चरित्रका रूपमा प्रस्तुत भएको छ ।

## ४.६ हीराज्यान

हीराज्यान यस उपन्यासमा सहायक पात्रका रूपमा उपस्थित भएकी छ । हिराज्यान मोतीमायाको छिमेकी हो । अर्काको घरको रहस्य खोल्ने र त्यसलाई अतिरञ्जित गर्दै कुरा फिँजाउने प्रवृत्तिको आधारमा ऊ प्रतिकूल नारी पात्र हो । घरमा समस्या परेकाले केही सहयोगको लागि अलिकति रूपैयाँ सापट माग्न गएकी मोतीमायालाई अधिकारका लागि कानुन समक्ष जान सिकाउँछे भने अर्कोतिर प्रमोदलाई मोतीमायाले नालिस दिन खोजेको वनावटी कुरा लगाउँछे । “आफूसँग केही भन्नु छ भने भन्नुस् न । के म पथ्थरकी हुँ र? आफूले सकेको जे कुरा पनि हारगुहार गर्न तयारै छु ।” (प्रधान, २०५८ : १६) । तर पात्र विधानमोतीमायाका लागि पथ्थरकी नै वनेकी छ । हीराज्यानको वनावटी कुराले नै मोतीमायामो वास ओखलिएको छ । जुन भन्दै नभनेको कुरा नालेश दिने कुरा गरेकी छ, तपाईको श्रीमती मोतीमायाले भनेर प्रमोदलाई भनिदिएकाले नै प्रमोद मोतीमायाप्रति खनिएको देखिन्छ । नारीलाई बिगार्न नारीको भूमिका बढी हुन्छ भन्ने कुराको पुष्टि हीराज्यानले गरेकी छ । नेपाली समाजका कुरौटे आइमाईहरूको प्रतिनिधित्व गर्ने पात्र विधानवर्गीय चरित्र हो । उपन्यासको प्रारम्भतिर उपस्थित भएकी पात्र विधानउपन्यासकी मञ्चीय पात्र हो । उपन्यासको कथानकसँग उसको भूमिका सुहाउँदो रहेको छ र उसलाई उसलाई उपन्यासमा बद्ध पात्रको रूपमा लिन सकिन्छ । पुरूषहरूलाई उक्साएर, नराम्रा कुरा लगाएर भए पनि नारीलाई समाप्त गर्न चाहने पात्र विधानपुरूषप्रधान समाजको सामन्तवादकै अनुयायी गर्ने पात्रको रूपमा प्रस्तुत भएकी छ ।

यसरी हेर्दा ऊ स्वार्थी, चाप्लुसी गर्ने, प्रतिकूल, षड्यन्त्रकारी, जाली, कुरौटे, सहायक स्त्री पात्रको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ ।

## ४.७ मैयाँ नानी

मैयाँ नानी 'स्वास्नीमान्छे' उपन्यासकी सहायक नारी पात्र हो । ऊ आफ्नै पतिद्वारा सौता हालेपछि घरबाट निकालिएकी पुरूषप्रधान समाजकी वर्गीय पात्र हो । बेश्यालयको कोठीमा आफू रातदिन विताए पनि कालान्तरमा सतीत्वको जग बन्ने उसको उद्देश्य रहेको छ । मैयाँ नानीको कोठी बेश्याको कोठी मात्र नभएर विवशताले बेश्या बनाइएका नारीहरूको गोप्य सङ्गठन पनि हो । पर्याप्त प्रमाण भएका र समाज विरोधीका रूपमा चिनिएका व्यक्तिहरूलाई हत्या गरिदिने अभियान मैयाँ नानीले गोप्य सङ्गन मार्फत नै चलाएकी छिन् । पुरूषहरूको अत्याचार र उत्पीडनका कारण नारकीय जीवन विताउन बाध्य नाराजातिको उन्नति गर्नका निम्ति नारीहरूलाई चेतनशील बनाउन उनीहरू बेश्याहरूकै नारी संस्था खोल्छन् । यस कार्यको नेतृत्व मैयाँ नानीले गरेकी छन् । उसको कोठी बेश्यालय नभएर मन्दिर हो र उसले नारीत्वको रक्षा गर्ने अभिभारा लिएकी छ । यस सम्बन्धमा ऊ भन्छे,–"म स्वास्नी मानिसहरूलाई यस पवित्र मन्दिरमा ल्याएर जगतमा नारीत्वको रक्षा गर्न चाहन्छु । यो रण्डीको कोठी भएपनि रण्डी दूर गरी देशमा चरित्रबल ल्याउने यसको काम हो ।"(प्रधान, २०५८ : १०६) । विनोदले कोठीबाट आमालाई ( मोतीमाया) घर फर्काएर लगेपछि प्रमोदले रण्डीको आरोप लागाउँछ । यो आरोप मैयाँ नानीलाई असह्य हुन्छ । मोतीमायालाई कुनै पनि हालतमा घरमा पस्न नदिने बरू आफ्नै छोरा विनोदलाई गोली चलाउने प्रमोदउपर प्रमोदको अत्याचार देखेर मैयाँ नानीले गोली चलाउँछे हुलमालमा कमला पनि मर्छे ।

समग्रमा मैयाँ नानी न्यायप्रेमी चरित्र हो । उपन्यासकी प्रमुख नायिका मोतीमायाको नारीत्वको रक्षा गर्ने ऊ अनुकूल पात्र हो । उपन्यासको अन्त्यतिर देखापरेकी मैयाँ नानी उपन्यासकी बद्ध पात्र हो । आफ्नो भनाई राख्ने क्रममा ऊ मञ्चमा आएकी हुँदा ऊ मञ्चीय पात्र हो । जस्तोसुकै अवस्थामा पनि आफ्नो विचार नवदलिई साहसले काम गर्ने मैयाँ नानी गतिहीन पात्र हो । उसले बोलेका शब्दहरू बौद्धिक स्तरका छन् । आफ्नो जीवनलाई सँधै खतरामा पारेर अर्काका लागि लड्ने मैयाँ नानी देशभक्ति, न्यायप्रेमी, नारीत्वको रक्षक र सहयोगी चरित्रको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ ।

## ४.८ अञ्जना कुमारी

अञ्जना कुमारी 'स्वास्नीमान्छे' उपन्यासकी नारी पात्र हो । वि.सं. २००७ साल पछिका भ्रष्ट, द्रव्यपिपासु र विदेशी दलालहरूको कठपुतली बनेका राजनीतिक नेत्रीहरूको प्रतिनिधि पात्र हो अञ्जना कुमारी । राजनीतिको आडमा सभा सम्मेलनमा मञ्चबाट नारी उद्धारका गुलिया भाषण गर्दै अर्कोतिर नारीहरूको मोलतोल र बेचविखन गर्ने अञ्जना कुमारी दोहोरो चरित्र भएकी दलाली हो । त्यसैगरी महिला वर्गको दलाल र संहारक सुरप्रसादको षड्यन्त्रकारी कामको सहायक भएर कुकर्ममा मद्दत गरी नारी विक्री व्यवसायमा सरिक हुने काम अञ्जना कुमारीले गरेकी छ । नारीको पीठामय जीवनको जिम्मेवारी स्वयं नारी नै हुन्छे भन्ने कुरा अञ्जना कुमारीको व्यवहारले देखाएको छ । देशको गौरव र अस्तित्वलाई बेच्ने गद्दारी चरित्रका रूपमा अञ्जना कुमारीको उपस्थिति रहेको छ ।

केटी बेचविखन गर्ने कार्यमा संलग्न अञ्जना कुमारी स्वभावका आधारमा प्रतिकूल चरित्र भएकी पात्र हो । उपन्यासमा प्रत्यक्ष सहभागी भई कार्य-व्यापार अगाडि बढाएकी हुनाले ऊ उपन्यासकी मञ्चीय र बद्ध पात्र हो । समाजमा राजनीतिको आडमा महिलाले महिलाई नै गर्ने दमन, शोषण र अन्यायलाई प्रस्तुत गर्ने काम अञ्जना कुमारीबाट भएको छ, (सुवेदी, २०६४ : १९५) ।

## ४.९ सुर प्रसाद

सुरप्रसाद वि.सं. २००७ पछिका भ्रष्ट राजनीतिक नेताहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ देशको नेता भएर राजनीतिको आडमा राष्ट्रको गौरवता र देशका कलिला युवतीहरूको जीवनसँग खेलवाड गर्ने चरित्रको रूपमा उपन्यासमा प्रस्तुत भएको छ । ऊ राजनीतिको फुस्रो दाउपेज खेली रातदिन भ्रष्टाचार मात्र गरेर हिड्ने र सभा सम्मेलनमा मिठो भाषण गरी हिड्ने प्रतिकूल पात्र हो । उपन्यासमा प्रत्यक्ष उपस्थित भई कार्यव्यापार अगाडि बढाएको हुनाले ऊ उपन्यासको मञ्चीय पात्र हो ।

## ४.१० मिश्री

मिश्री 'स्वास्नीमान्छे' उपन्यासकी गौण पात्र हो । मोहनबहादुरले मोतीमायालाई घरबाट निकालेपछि सहारा दिने क्रममा आफूसँगै लाने मिश्री बेश्यालयकी नाइके हो । कैयौं सती-साध्वी नारीहरूको सतीत्व बेचविखन गर्न आफ्नै घरमा बेश्यालय खोलेर बस्ने मिश्री उपन्यासकी प्रतिकूल नारी पात्र हो । नारीलाई कोठीमा पुऱ्याएर जवरजस्ती देहव्यापारममा

संलग्न गराउने मिश्री समाजको त्यस्ता नारीहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र पनि हो । उसले कति मातृत्वको सौभाग्य पाएका नारी जातिको मातृत्वलाई नष्ट गर्ने काम गरेकी छ । उसले आर्थिक अभावका कारण कोठीमा आइपुगेकी नारीप्राणलाई औषधी खुवाएर बाँझी बनाएकी छ । उसले निर्दोष पुरूषहरूको समेत चरित्र हत्या गरेकी छ । अर्काको शरीर बेचेर आफू विलासी जीवन विताउने मिश्री नारी जातिको कलङ्क बनेकी छ ।

मिश्री उपन्यासकी मञ्चीय पात्र हो । उपन्यासको अन्ततिर देखापरेकी मिश्री उपन्यासबाट हटाउँदा पनि खास फरक नपर्ने हुनाले ऊ मुक्त पात्र हो । आफ्नो विचार र सिद्धान्तमा अडिग रहने मिश्री गतिहीन र व्यक्तिगत पात्र हो । संक्षेपमा उपन्यासकी नकारात्मक चरित्र भएकी खलपात्रका रूपमा मिश्री उपस्थित भएकी छ । उपन्यासकारले ऊ मार्फत खराव आचरणको पहिचान गराउने प्रयास गरका छन् भने नारीले नारी माथि गर्ने दमनको वारेमा पनि मिश्री मार्फत देखाउन खोजिएको छ ।

## ४.११ वासन्ती

वासन्ती 'स्वास्नीमान्छे' उपन्यासकी सहायक नारी पात्र हो । पुरूषप्रधान सामन्ती समाजको शोषण र दमनबाट पीडित भएर जवरजस्ती बेश्या बन्न पुगेकी वासन्ती उपन्यासकी अनुकूल र साहसी पात्र हो । पतिद्वारा अपहेलित र सौता हालिएकी जीवनयापनका लागि बेश्यालयमा प्रवेश गर्न वाध्य नेपाली नारीहरूको प्रतिनिधि पात्र हो वासन्ती । ऊ "नारी उद्धार संस्था"की साहसी सदस्यका रूपमा उपन्यासमा उपस्थित भएकी छ । ऊ नेतागिरीको आडमा भ्रष्टाचार गर्ने सुरप्रसाद र अञ्जना कुमारीलाई भाषण गरिरहेको अवस्थामा नाटकीय तरिकाले गोली हानी हत्या गरेर सभाको बीचमा बोलिरहँदा पुलिसको प्रक्राउमा परेकी पात्र हो । सुरप्रसाद अञ्जना कुमारीको हत्या प्रमाणको आधारमा नेपाली नारीहरूको हक हितका लागि गरिएको हो भन्ने उसको भनाई रहेको छ । देशको उन्नतिका लागि आफू बलिदान दिन पनि पछि नहट्ने वासन्ती उपन्यासकी अनुकूल पात्र हो । महिला बेचविखन कार्यका विरूद्ध ऊ बेश्यालयमा जासुसका रूपमा खटिएकी छ । व्यक्तिगत इच्छा आकाङ्क्षा मारेर सम्पूर्ण नारीहरूको प्रगतिका लागि ऊ काम गर्न लालायित छ,(प्रधान, २०५८ : ११३-१४) ।

'स्वास्नीमान्छे' उपन्यासमा उसको भूमिका बद्ध पात्रका रूपमा रहेको छ । उपन्यासमा उसको भूमिका मञ्चीय पात्रको रूपमा रहेको छ । देशप्रेमी, न्यायप्रेमी, निडर र साहशी पात्रका रूपमा वासन्ती यस उपन्यासमा उपस्थित भएकी छ ।

## ४.१२ चम्पा

'स्वास्नीमान्छे' उपन्यासकी चम्पा कार्यभूमिकाका आधारमा गौण पात्र हो । ऊ प्रमोदको घरमा बसेकी नोकर्नी हो । नोकर्नीको रूपमा रहे पनि प्रमोदले उसलाई आँखा लगाउँछ । यहि कारणले कमलाले उसलाई रिस गर्छे । उपन्यासमा उसको उपस्थित अनुकूल पात्रको रूपमा रहेको छ । उसले मोतीमाया र विनोदको भेट गराउने अनुकूल वातावरण मिलाउने काम गरेकी छ । उपन्यासमा प्रत्यक्ष सहभागिता देखाउने चम्पा उपन्यासकी मञ्चीय पात्र हो । आमाको अनुपस्थितिमा विनोदकी साहरा बनेकी चम्पा ममतामयी सुसारे हो । ऊ उपन्यासको मुक्त पात्रका रूपमा रहेकी छ ।

## ४.१३ लीला देवी

लीलादेवी 'स्वास्नीमान्छे' उपन्यासकी सहायक नारी पात्र हो । पुरूषप्रधान समाजबाट अपहेलित हुँदै घरबाट बाहिरीन पुगेकी छ प्रस्तुत पात्र । आफ्नो सम्पूर्ण कुरा गुमाएर मिश्रीको बेश्यालयको कोठीमा सहरा लिन पुगेकी लीलादेवी त्यहि कोठीकी एक बेश्याकी रूपमा रहेकी छ । आफू बेश्यालयमा रण्डी भएर रहे पनि उसको इच्छा यसको विपरीत रहेको छ । उसले बेश्या बन्न नचाहने र अञ्जानमा बेश्यालयमा आइपुगेका मोतीमाया जस्ता नारीहरूको सतीत्वको रक्षा गरेकी छ । त्यसैले ऊ उपन्यासकी अनुकूल पात्र हो । बेश्यालयमा आफू रण्डी भएर बसे पनि ऊ मिश्रीका विरूद्धमा लागेकी सी.आइ.डी. हो । उसले मोतीमायालाई मिश्रीको कोठीबाट राताराता भगाएर मैयाँ नानीकोमा पुऱ्याएकी छे र मोतीमाया हराएको हल्ला गरेकी छे । लीलादेवी "नारी उद्धार संस्था" की सक्रिय सदस्य हो ।

उपन्यासमा लीलादेवी मञ्चीय रूपमा उपस्थित भएकी छ । कार्यका आधारमा भूमिका सहायक भए पनि नारी मुक्तिका लागि सँधै अग्रसर रहने लीलादेवी उपन्यासकी बद्ध पात्र हो । स्थिर वैयक्तिक पात्र लीलादेवी उपन्यासकी अनुकूल र सहयोगी पात्र हो ।

## ४.१४ नानी प्राण

नानी प्राण प्रस्तुत उपन्यासकी गौण नारी पात्र हो । आर्थिक कठिनका कारणले गर्दा पतिव्रता भएर पनि सतीत्व नष्ट गर्न तयार भएकी नानी प्राण उपन्यासकी मञ्चीय पात्र हो भने आवद्धताको आधारमा ऊ मुक्त पात्र हो ।

## ४.१५ दाल चीनी

'स्वास्नीमान्छे' उपन्यासकी दाल चीनी गौण पात्र हो । स्वभावका आधारमा ऊ प्रतिकूल चरित्र हो । मिश्रीको कोठीमा पुगी बेश्या बनेकी दाल चीनी बेश्याको नाङ्गो रूपमा प्रस्तुत भएकी छे । बेश्या भएर पनि आफ्नो पेशामाथि गर्व गर्ने दाल चीनी बेश्याको काख नपाएको व्यक्तिलाई स्वर्गको ढोका नखुल्ने र स्वर्गीय सुख पनि तीतो हुने कुरामा विश्वास गर्छे । स्वयं नारी भएर उसले नारीलाई उपभोग्य वस्तुभन्दा अर्को केहि सोचेकी छैन । बेश्यालयको एउटा दृष्यमा मात्र देखिएकी दाल चीनीको भूमिका मुक्त पात्रको रूपमा रहेको छ । ऊ उपन्यासकी स्थिर र व्यक्तिगत पात्र हो । समग्रमा ऊ उपन्यासकी नकारात्मक चरित्र भएकी नारी पात्र हो ।

## ४.१६ जुई नानी

'स्वास्नीमान्छे' उपन्यासमा जुई नानी गौण पात्रका रूपमा रहेकी छ । उपन्यासको अन्ततिर उपस्थित भएकी पात्र जुई नानी वासन्तीले अञ्जना कुमारी र सुरप्रसादको हत्या गरेको घटनाको वारेमा वताउने काम गरेकी छ । मैयाँ नानीलाई सो घटनावारे यथार्थ जानकारी दिएकी छ । जुई नानी पनि "नारी उद्धार संस्था"की सी.आइ.डी.का रूपमा रहेकी छ । नारीहरूको अवस्थामा सुधार ल्याउन सँधैभरी तल्लीन रहने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । मञ्चीय रूपमा उपस्थित भएकी जुई नानी आवद्धताको आधारमा वद्ध पात्र हो । स्वभावका आधारमा स्थिर र जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । नारी मूल्य र मान्यताप्रति सँधै चिन्तित रहने जुई नानी सकारात्मक पात्र हो ।

## ४.१७ चुली

'स्वास्नीमान्छे' उपन्यासकी नारी पात्र चुली कार्यका आधारमा गौण पात्र हो । बेश्या-लयमा बेश्याको रूपमा रहेकी चुली बेश्याको नाङ्गो र विभत्स रूपमा उपन्यासमा उपस्थित

भएकी छे । मञ्चीय रूपमा प्रस्तुत भएकी चुली आवद्धताका आधारमा उपन्यासमा ऊ मुक्त पात्र हो । ऊ स्थिर अनुकूल र व्यक्तिगत पात्र हो । आफ्नो इच्छा विपरीत मिश्रीको कोठीमा जवरजस्ती पुगेकी चुली अन्तमा त्यहाँबाट उम्कन सफल भएकी छे ।

## ४.१८ मोहनबहादुरको विवाहित बहिनीहरू

यी पात्रहरू नाम मात्र उल्लेख भएका, नेपथ्य र मुक्त पात्रका रूपमा उपन्यासमा उपस्थित भएका छन् ।

## ४.१९ बुढी काकी

मोहनबहादुरकी काकीका रूपमा रहेकी यी पात्र मात्र उल्लेख भएकी नेपथ्य र मुक्त पात्र हो ।

## ४.२० मैयाँ नानीकी छोरी

उपन्यासमा नाम मात्र उल्लेख भएकी नेपथ्य र मुक्त पात्र ।

## ४.२१ दुहुनी पट्ठी

दुहुनी पट्ठी मोहनबहादुरकी भोग्या युवती(श्रीमती)का रूपमा आएकी नेपथ्य र मुक्त पात्र ।

## ४.२२ बाइजीहरू

बाइजीहरू “नारी उद्धार संस्था”मा मैयाँ नानीको सहारामा रहेका पात्रहरू हुन् । उपन्यासमा मञ्चीय पात्रका रूपमा रहेकी बाइजीहरू मुक्त पात्र हुन् ।

## ४.२३ अन्य पात्र

माथि उल्लेख गरिएका वाहेक हेमलालकी स्वास्नी, चन्द्रकुमारी, नानी प्राणको लोग्ने, भाइचा साल्मी, मुकुन्द बावुसाहेव, प्रमोदका नोकरहरू, दुईटा गुण्डा, रामे नवयुवक र पुलिसहरू ‘स्वास्नीमान्छे’ उपन्यासमा प्रस्तुत भएका अन्य पात्रहरू हुन् । मोहनबहादुरको चारजना साथी, नवयुवक, प्रमोदका नोकरहरू, दुईवटा गुण्डा, मत्तु गुण्डा मञ्चीय पात्र भए पनि उपन्यासमा तिनीहरूको उल्लेख्य भूमिका छैन । यी सवै सहायक पात्रको रूपमा मात्र उपन्यासमा उपस्थित छन् । यी वाहेक हेमलालकी स्वास्नी चन्द्रकुमारी, नानी प्राणको लोग्ने, भाइचा साल्मी, मुकुन्द बाबुसाहेव, रामे र पुलिसहरूजस्ता पात्रहरू उपन्यासमा नेपथ्यमा प्रस्तुत भएकाले उनीहरूको उपन्यासमा गौण भूमिका रहेको छ र यी पात्रहरूको चरित्र उल्लेख गर्नु आवश्यक देखिदैन ।

## ४.२४ निष्कर्ष

**'स्वास्नीमान्छे'** उपन्यासमा नारी र पुरुष दुबै पात्रको उपस्थिति रहेको छ । यस उपन्यासमा पुरुष पात्रको तुलनामा नारी पात्रको उपस्थितिमा संख्यात्मरूपमा बढी रहेको छ । यस उपन्यासमा प्रयुक्त नारी र पुरुष पात्रहरूको भूमिका समान रूपामा छैन् । कार्यका आधारमा प्रमुख , सहायक र गौण गरी तीन प्रकारमा विभाजन गरी पात्रहरुको अध्ययन गरीएको छ । नारीहरुमा प्रमुख पात्रका रूपमा मोतिमाया रहेकी छ भन्ने कमला, मैयानानी, बासन्ती, अञ्जना कुमारी, मिश्री सहायक पात्रका रुपमा रहेका छन् । अन्य गौण पात्रका रूपमा रहेका छन् । यसैगरी पुरुषहरूमा प्रमुख पात्रका रूपमा विनोद र प्रमोद रहेका छन् भने मोहन बहादुर, सुरप्रताप र प्रमोदका नोकरहरू सहायक पात्रका रूपमा आएका छन् भने अन्य गौण पात्रका रूपमा रहेका छन् । यस उपन्यासमा कतिपय नारीहरू आफ्नो अस्तित्वका लागि संर्घषशील रहेका छन भने कतिपए नारीहरु चुपचाप अन्याय सहने स्वभावका छन् । यस उपन्यासमा कतिपए पुरुषहरू नारीलाई खेलौनाका रुपमा प्रयोग गर्दै नारीहरुलाई बेश्या बन्न विवश बनाएका छन् भने कतिपए पुरुष पात्रले नारी उथानमा सहयोगीको रुपमा पनि उपस्थित भएका छन् ।

# परिच्छेद पाँच

# 'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको निरूपण

## ५.१ 'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको निरूपण

'स्वास्नीमान्छे' उपन्यास नेपाली साहित्यको जगतमा साहित्यकार हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित पहिलो प्रगतिवादी उपन्यास भएकोले यस उपन्यासमा विशेष गरी पुरूषप्रधान समाजका पुरूषद्वारा मानसिक रूपले दवाएका, आर्थिक रूपले पछि पारिएका र शारीरिक वनावटको दृष्टिले हेपिएका नारी पात्रहरूको उपस्थिति बढी रहेको छ । यस उपन्यासको विषयवस्तु काठमाडौं उपत्यकाको धोवीधारास्थित प्रमोदकी विवाहिता पत्नी मोतीमायाको जीवनमा घटेका घटना प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूका चरित्रको निरूपण तल प्रस्तुत तालिकाका आधारमा गरिएको छ :

## प्रयुक्त पात्रहरूको निरूपणको विवरण तालिका

तालिका नं. १

| क्र.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू | पुरूष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्तिगत | सूच्य | मञ्चीय | वद्ध | मुक्त |
| १ | मोतीमाया | − | + | + | − | − | + | − | + | − | + | − | − | + | + | − |
| २ | प्रमोद | + | − | + | − | − | − | + | − | + | + | − | − | − | + | − |
| ३ | विनोद | + | − | + | − | − | + | − | − | + | − | + | − | + | + | − |
| ४ | कमला | − | − | − | + | − | − | + | − | + | + | − | − | + | + | − |
| ५ | पात्र विधान | − | + | − | + | − | − | + | − | + | + | − | − | + | + | − |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | चम्पा | – | + | – | + | – | + | – | – | + | – | + | – | + | + | – |
| ७ | मैयाँ नानी | – | + | – | + | – | + | – | – | + | + | – | – | + | + | – |
| ८ | मिश्री | – | + | – | + | – | – | + | – | + | – | + | – | + | + | – |
| ९ | मोहनबहादुर | + | – | – | + | – | – | + | – | + | + | – | – | + | + | – |
| १० | वासन्ती | – | + | – | + | – | + | – | – | + | + | – | – | + | + | – |
| ११ | लीलादेवी | – | + | – | + | – | + | – | – | + | + | – | – | + | + | – |
| १२ | सुरप्रसाद | + | – | – | + | – | – | + | – | + | + | – | – | + | + | – |
| १३ | अञ्जना कुमारी | – | + | – | + | – | – | + | – | + | + | – | – | + | + | – |
| १४ | नानी प्राण | – | + | – | – | + | + | – | + | – | + | – | – | + | – | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | भइचा साल्मी | + | – | – | – | + | – | + | – | + | – | + | + | – | – | + |
| १६ | दाल चीनी | – | + | – | – | + | + | – | – | + | + | – | – | + | – | + |
| १७ | चुली | – | + | – | – | + | + | – | – | + | + | – | – | + | – | + |
| १८ | जुई नानी | – | + | – | – | + | + | – | – | + | + | – | – | + | – | + |
| १९ | बुढी काकी | – | + | – | – | + | + | – | – | + | + | – | – | + | – | + |
| २० | मोहन बहादुरका बहिनीहरू | – | + | – | – | + | + | – | – | + | + | – | – | + | – | + |
| २१ | चन्द्र कुमारी | – | + | – | – | + | – | + | – | + | – | + | + | – | – | + |
| २२ | नानी प्राणको लोग्ने | + | – | – | – | + | + | – | – | + | – | + | + | – | – | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | मैयाँ नानीको लोग्ने | + | − | − | − | + | − | + | − | + | − | + | + | − | − | + |
| २४ | तवला बजाउने बाइजी | − | + | − | − | + | + | − | − | + | + | − | − | + | − | + |
| २५ | रमानन्द | + | − | − | − | + | − | + | − | + | − | + | − | + | − | + |
| २६ | नातिभाई | + | − | − | − | + | − | + | − | + | − | + | − | + | − | + |
| २७ | बावुराजा | + | − | − | − | + | − | + | − | + | − | + | − | + | − | + |
| २८ | बावुलाल | + | − | − | − | + | − | + | − | + | − | + | − | + | − | + |
| २९ | मुकुन्द बाबुसाहेव | + | − | − | − | + | − | + | − | + | − | + | + | − | − | + |
| ३० | मतवाला गुण्डा | + | − | − | − | + | − | + | − | + | − | + | − | + | − | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | न्यायाधीश | + | – | – | – | + | + | – | + | – | – | + | – | + | – | + |
| ३२ | पुलिसहरू | + | – | – | – | + | + | – | – | + | – | + | + | – | + | – |
| ३३ | गुण्डाहरू (२ जना) | + | – | – | – | + | – | + | – | + | – | + | – | + | – | + |
| ३४ | प्रमोदका नोकरहरू | + | + | – | + | + | – | + | – | + | – | + | – | + | – | + |
| ३५ | नवयुवक | + | – | – | – | + | + | – | – | + | – | + | – | + | – | + |
| ३६ | रामे | + | – | – | – | + | – | + | – | + | – | + | + | – | – | + |

**संकेत**

\+ चिन्हले 'हो' भन्ने संकेत गर्छ ।

– चिन्हले 'होइन' भन्ने संकेत गर्छ ।

## ५.२ निष्कर्ष

उयर्युक्त तालिकामा प्रस्तुत 'स्वास्नीमान्छे' उपन्यासका ३८ जना पात्रहरू मध्ये २० जना पुरूष पुरूष पात्रहरू र १८ जना स्त्री पात्रहरू छन् । त्यसमा नोकरहरू, बाइजीहरू र पुलिसहरूको संख्या उल्लेख गरिएको छैन । यस उपन्यासमा ३ जना प्रमुख पात्र, १० जना सहायक पात्र र २५ जना गौण पात्र रहेका छन् । १९ जना पात्र प्रतिकूल चरित्रका छन् भने बाँकी १९ जना अनुकूल चरित्रका छन् । स्वभावका दृष्टिले ३ जना गतिशील र ३५ जना गतिहीन पात्रहरू देखिन्छन् । १५ जना वर्गीय पात्र रहेको यस उपन्यासमा बाँकी २३ जना व्यक्तिगत पात्रको रूपमा प्रस्तुत छन् । ७ जना सूच्य पात्रका रूपमा रहेका छन् भने १४ जना पात्र उपन्यासका घटनासँग वद्ध छन् भने बाँकी २४ जना मुक्त पात्रका रूपमा रहेका छन् ।

# परिच्छेद छ

# उपसंहार

हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नीमान्छे' उपन्यासको पात्र विधानको अध्ययन शीर्षकको प्रस्तुत शोध-पत्र जम्मा ६ परिच्छेदमा संरचित छ ।

पहिलो परिच्छेदमा विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमा र शोध-पत्रको सम्भावित रूपरेखा जस्ता उपशीर्षकहरू उल्लेख गरेर यस शोध-पत्रको आधारभूत रूपरेखा तयार गरिएको छ । यस शोध-पत्रको समस्या पात्र विधानको सैद्धान्तिक स्वरूपको निरूपण गर्नु रहेको छ भने 'स्वास्नीमान्छे' उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु उद्देश्य रहेको छ । विभिन्न विद्वान तथा समालोचकहरूले उपन्यासको र उपन्यासकारको वारेमा गरेका टिप्पणीहरूलाई पूर्वकार्यको समीक्षामा उल्लेख गरिएको छ । यस शोध कार्यले आगामी अध्येताहरूलाई प्रधानको वारेमा बुझ्न मद्दत पुऱ्याउने छ भने साथसाथै उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण सैद्धान्तिक आधारमा गरिने कुरा उल्लेख गरेर यस शोध कार्यको औचित्य पुष्टि गरिएको छ । शोध विधिमा मुख्य रूपमा पुस्तकालय अध्ययन विधिको उल्लेख गर्दै शोध-पत्रको संभावित रूपरेखा तयार गरिएको छ । उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको उपन्यास 'स्वास्नीमान्छे'को पात्र विधानको मात्र अध्ययन गर्ने भनी अध्ययनको सीमा निर्धारण गरिएको छ ।

दोश्रो परिच्छेदको शीर्षक हृदयचन्द्र सिंह प्रधानको रचना धर्मिता रहेको छ । वि.सं. १९७२ साल माघ १९ गते काठमाडौंको मरूहिटीमा जन्मका हृदयचन्द्र सिंह प्रधानको वास्तविक नाम चन्द्रप्रसाद प्रधान हो । 'नेपाली स्रेस्ता परीक्षा' उत्तीर्ण गरेका हृदयचन्द्र सिंह प्रधान वि.सं. १९९३ मा 'शारदा' पत्रिकाबाट आफ्नो नाम परिवर्तन गरी नेपाली साहित्यको क्षेत्रमा देखापरे । स्वअध्ययनबाट साहित्य लेखनमा लागि सफलताको शिखरमा पुग्न सफल प्रधान नौसिन्दा जागिरमा प्रवेश गरेर २००४ मा नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारको पदसम्म पुगे । 'साहित्यस्रोत', 'जागरण', 'जनचेतना' जस्ता नेपाली भाषाको पत्रिकाको समेत सम्पादन गरेका प्रधानले निबन्ध विधाबाट नेपाली साहित्यको फाँटमा प्रवेश गरी नेपाली व्याकरण, समालोचना, कविता, कथा, एकाङ्की, उपन्यास, व्यङ्ग्य, निबन्ध जस्ता साहित्य सिर्जना गरेका छन् । उनका सिर्जनामा समाजमा रहेका अन्धपरम्परा, कुरीति, अन्याय, अत्याचार र शोषण विरूद्धका सन्देशहरू रहेका छन् । आफ्ना कृतिहरूमा मुख्य रूपमा सामाजिक यथार्थको चित्रण गर्दै प्रगतिशील समाजको स्थापनाको लागि अभिप्रेरित प्रधानले निबन्ध र उपन्यास विधामा सफलता प्राप्त गरेका छन् ।

तेस्रो परिच्छेदको शीर्षक पात्र विधानको सैद्धान्तिक स्वरूप रहेको छ । यस परिच्छेदमा पात्र विधानको सामान्य विश्लेषण गरिएको छ । यस परिच्छेदमा 'पात्र' शब्दको व्युत्पत्ति र अर्थ, परिभाषा, पात्रको स्थान तथा महत्व, पात्र विश्लेषणको विधि, पात्र वर्गीकरणका आधारहरूका आधारमा पात्र विधानलाई पुष्टि गर्ने कार्य गरिएको छ । प्रस्तुत परिच्छेदमा लिङ्ग, कार्य, भूमिका, स्वभाव, प्रवृत्ति, जीवनचेतना, आसन्नता, आवद्धता आदिलाई पात्र विश्लेषणको प्रमुख मापदण्ड बनाएर विश्लेषण गरिएको छ । त्यसैगरी यस परिच्छेदमा पात्रसम्बन्धी विभिन्न विद्वानहरूले गरेका चर्चा परिचर्चालाई समेटेर पात्र विधानको सैद्धान्तिक स्वरूपको निर्धारण गरिएको छ । पात्र सम्बन्धी विभिन्न विद्वानहरूको मतमातान्तरहरूलाई हेर्दा मोहनराज शर्माले गरेको पात्र विश्लेषण सम्बन्धी आधारलाई नै वस्तुनिष्ठ र वैज्ञानिक मानिएको छ । त्यसैले तिनै सातवटा आधारहरूलाई मापदण्ड बनाएर पात्रहरूको विश्लेषण गरिएको छ ।

चौथो परिच्छेदको शीर्षक स्वास्नीमान्छे उपन्यासमा रहेका पात्रहरूको विश्लेषण रहेको छ । यस परिच्छेदमा पात्र विधानको सैद्धान्तिक स्वरूपको आधारमा 'स्वास्नीमान्छे' उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गरिएको छ । मोहनराज शर्माको चरित्र वर्गीकरणको सम्बन्धमा देखिएका आधारहरू लिङ्गको आधार, कार्यको आधार, प्रवृत्तिको आधार, आसन्नताको आधार र आवद्धताको आधारमा प्रधानको 'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदको शीर्षक 'स्वास्नीमान्छे' उपन्यासका पात्रहरूको निरूपण रहेको छ । पात्रहरूको निरूपण गर्ने क्रममा एउटा तालिका मार्फत उपन्यासमा रहेका सम्पूर्ण पात्रहरूको निरूपण गरिएको छ । उपन्यासमा ३८ जना पात्रहरू रहेका छन् । जसमध्ये २० जना पुरूष र १८ जना स्त्री पात्रहरू रहेका छन् । यस उपन्यासमा ३ जना प्रमुख पात्र, १० जना सहायक पात्र र २५ जना गौण पात्रहरू रहेका छन् । १९ जना पात्र प्रतिकूल चरित्रका छन् भने बाँकी १९ जना अनुकूल चरित्रका छन् । स्वभावका दृष्टिले ३ जना गतिशील र ३५ जना गतिहीन पात्रहरू देखिन्छन् । १५ जना वर्गीय पात्र रहेको यस उपन्यासमा बाँकी २३ जना व्यक्तिगत पात्रका रूपमा रहेका छन् । ७ जना सूच्य पात्रका रूपमा रहेका छन् भने त्रबाँकी ३१ जना मञ्चमा प्रस्तुत भएका छन् । आवद्धताका आधारमा १४ जना पात्र उपन्यासका घटनासँग बद्ध छन् भने बाँकी २४ जना मुक्त पात्रका रूपमा रहेका छन् ।

# सन्दर्भग्रन्थसूची

## क) नेपाली पुस्तकसूची


*गौतम, मेघराज (०६७)*, **'नेपाली गद्य भाषा र साहित्य'**, *काठमाडौं : लुम्बिनी प्रकाशन ।*

*जोशी, रत्नध्वज,* (२०५०), **'आधुनिक नेपाली साहित्यको झलक'**, *काठमाडौं : साझा प्रकाशन।*

*त्रिपाठी, वासुदेव,* (२०२८), **'विचरण'**, *काठमाडौं : भानु प्रकाशन ।*

*नेपाल, घनश्याम, (२०४४),* **'आख्यानका कुरा'**, *सिलगढी : नेपाली साहित्य प्रचार समिति ।*

*न्यौपाने, टङ्कप्रसाद,* (२०४९ दो.सं.), **'साहित्यको रूपरेखा'**, *काठमाडौं : साझा प्रकाशन ।*

*पोखरेल, वालकृष्ण र अन्य सम्पा, (२०६७),* **'नेपाली वृहत् शव्दकोष'**, *काठमाडौं: ने.रा.प्र.प्र. ।*

*बराल, ईश्वर,* (२०५५छै.सं.), **'झ्यालबाट'**, *काठमाडौं : साझा प्रकाशन ।*

*प्रधान, कृष्णचन्द्रसिंह,* (२०४० *आ.सं.*), **'स्वास्नीमान्छे'**, *काठमाडौं : साझा प्रकाशन ।*

*प्रधान, कृष्णचन्द्रसिंह,* (२०६१ आ.सं.), **'नेपाली उपन्यास र उपन्यासकार'**, *काठमाडौं : साझा प्रकाशन ।*

*प्रधान, हृदयचन्द्र सिंह,* (२०५८ आ.सं.), **'स्वास्नीमान्छे'**, *काठमाडौं : साझा प्रकाशन ।*

*प्रधान, हृदयचन्द्र सिंह, (२०४४, दो.सं.),* **'कुरा साँचो हो'**, *काठमाडौ : रत्न पुस्तक भण्डार ।*

*बराल कृष्णहरि र एटम नेत्र,* (२०५५), **'उपन्यासको विश्लेषण'**, *काठमाडौं : नवीन प्रकाशन ।*

*बराल, ऋषिराज, (२०५६),* **'उपन्यासको सौन्दर्यशास्त्र'**, *ललीतपुर : साझा प्रकाशन ।*

*राई, इन्द्रबहादुर,* (२०५५ दो.सं.), **'नेपाली उपन्यासका आधारहरू'**, *काठमाडौ : साझा प्रकाशन ।*

*शर्मा, तारानाथ,* (२०४० दो.सं.), **'नेपाली साहित्यको ऐतिहासिक परिचय'**, *विराटनगर : श्याम पुस्तक भण्डार ।*

*शर्मा, मोहनराज र लुईटेल, खगेन्द्र प्रसाद,* (२०५७), **'नेपाली कविता र आख्यान'** *काठमाडौं : नविन प्रकाशन ।*

*शर्मा, मोहनराज र लुईटेल, खगेन्द्र प्रसाद,* (२०५५ दो.सं.), **'शोधविधि'**, *काठमाडौं : साझा प्रकाशन ।*

*शर्मा, मोहनराज,* दो.सं., **'शैलीविज्ञान'**, *काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।*

*श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज,* (२०४९ चौ.सं.), **'नेपाली साहित्यको संक्षिप्त इतिहास'**, *काठमाडौं : साझा प्रकाशन ।*

*सुवेदी, राजेन्द्र,* (२०६४ दो.सं.), **'नेपाली उपन्यास परम्परा र प्रवृत्ति'**, ललितपुरः *साझा प्रकाशन ।*

## *ख) संस्कृत पुस्तक सूची*

*आप्टे, वामनशिवराम, (१९६९ दो.सं.),* **"संस्कृत हिन्दी साहित्य कोश"** *दिल्ली : वनारसीदास पब्लिकेशन प्रा.लि. ।*

*धनञ्जय, (२०१९ दो.सं.),* **"दशरूपक्रम"**, *व्याख्या व्यास, भोलाशङ्कर, वारायसी : चौखम्वा विद्याभवन ।*

*विश्वनाथ, (१९५५* दो.सं.*),* **"साहित्य दर्पण"**, *बनारस : चोखम्बा संस्कृत सीरिज ।*

## *ग) शोध ग्रन्थ सूची*

*आचार्य, वासुदेव,(२०३६),* **'उपन्यासकार हृदयचन्द्र सिंह प्रधान'**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, *त्रि.वि.वि., ने.के.वि. ।*

*उप्रेती, कमला, (२०६३),* **"स्वास्नीमान्छे उपन्यासको कृतिपरक अध्ययन"**, *अप्रकाशित स्नातकोत्तर, त्रि. वि. कीर्तिपुर ।*

*उप्रेती, लीलाकुमारी, (२०६९),* **"विरानो देशमा कथा सङ्ग्रहको पात्र विधान"**, *अप्रकाशित स्नातकोत्तर, त्रि. वि. कीर्तिपुर ।*

*घर्ती, दुर्गा बहादुर, (२०६०),* **'मनोविश्लेषणात्मक उपन्यासमा पात्र विधान'**, *अप्रकाशित विद्यावारिधी शोधपत्र, ने.के.वि., त्रि.वि.: किर्तिपुर ।*

*भेटवाल, भगीरथा, (२०६६),* **"हृदयचन्द्र सिंह प्रधानका उपन्यासमा नारी पात्र"**, *अप्रकाशित स्नातकोत्तर, त्रि. वि. कीर्तिपुर ।*

## *घ) पत्रपत्रिकाको सूची*

*एक सज्जन, (वर्ष २, अङ्क १-४, २०१७/२०१८, पुस-साउन),* **हृदयचन्द्र सिंह प्रधान'** *साहित्य, पृष्ठ ४४ ।*

*घिमिरे, रामबावु, (२०३६),* **'हृदयचन्द्र सिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'**, *अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.के.वि., त्रि.वि.: किर्तिपुर ।*

*प्रधान, राममानसिंह, (वर्ष २, अङ्क १-४, २०१७-२०१८, पुष-असार),* **'त्यसदिनको यादमा'** *साहित्य, पृष्ठ ३८ ।*

*प्रधान, हृदयचन्द्र सिंह, (२०५८),* **'स्वास्नीमान्छे'**, *आ.सं., काठमाडौंः साझा प्रकाशन ।*

*श्रेष्ठ, बंशी, (वर्ष २ २०३०, बैशाख),* **'स्वास्नीमान्छे : केहि टिप्पणी'**, *विदेह, पृष्ठ (९३-९४) ।*

*श्रेष्ठ, सिद्धिचरण, (वर्ष २, अङ्क २, २०२८, जेठ-असार),* **अनवरत परिभ्रमण मूर्ति'**, *सुस्केरा, पृष्ठ ५१।*

*सुवेदी, राजेन्द्र,* (२०६४), **'नेपाली उपन्यास परम्परा र प्रवृत्ति'**, दो.सं., साझा प्रकाशन ।

## *ङ) अङ्ग्रेजी पुस्तकसूची*

Abrams, M.H.(2000), "**A Glossary of Literary Terms"**, 7th Eds., Sigapore; Harcourt Asia PTE Ltd.

Harvey, W.J.(1965), **"Character and Novel",** London; Windus.

## *च) हिन्दी पुस्तकसूची*

*द्विवेदी, राजेन्द्र, (ई.सं. १९५५),* **साहित्य शास्त्रका परिभाषिक शब्दकोष**, *दिल्लीः आत्माराम एण्ड सन्स काश्मिरीगेट ।*

*वर्मा, धिरेन्द्र र अन्य सम्पादक (२०१५),* **हिन्दी साहित्यकोष**, *बनारसः ज्ञानभण्डार ।*

*वर्मा, श्रीकान्त, (१९९३, दो.सं.),* **नवीनता और नवीनता के प्रति असक्ति**, *देवशङ्कर अवस्थीद्वारा सम्पादित नयी कहनीःसन्दर्भ और प्रकृति, नयाँ दिल्ली :राजकमल प्रकाशन ।*